# सारांश

| विकास अवधारणा | विवरण |
| --- | --- |
| **दीर्घकालीन सोच** | **"पूर्वाधार, कृषि र पर्यटनको आधार गुणस्तरीय शिक्षा, स्वास्थ्य सहितको सुन्दर र समृद्ध पञ्चपुरी नगर”** |
| **नगर विकासको लक्ष्य** | **पूर्वाधार सहितको कृषि, पर्यटन, शिक्षा, स्वस्थ्य र सुशासन मार्फत स्थानीय स्तरमै रोजगारीका अवसर सिर्जना भई सुन्दर र समृद्ध पञ्चपुरीनगर निर्माणका आधार भएको हुने** |
| **पञ्चपुरी नगरपालिकाका नीतिगत प्राथमिकता र प्रभावहरू** | • कृषि उत्पादन, पर्यटन विकास, स्थानीय उत्पादनको बजारीकरण मार्फत रोजगारी र आयमा दिगो वृद्धि हुने ।<br>• स्थानीय श्रोत र साधनको उच्चतम उपयोग भई रोजगारी र आय आर्जनका अवसरहरू प्राप्त हुने ।<br>• भौतिक पूर्वाधार तथा संरचना निर्माण व्यवस्थित, सुरक्षित, गुणस्तरीय र दिगो हुने ।<br>• जडिबुटी तथा अन्य वन पैदावारहरूको उचित उपयोग, जमीन र जलश्रोतको दिगो उपयोग भएको हुने ।<br>• सुशासन, स्थानीय सेवा प्रवाह, कार्य सम्पादन र जवाफदेहिता कायम हुने ।<br>• समग्र पञ्चपुरी नगरपालिकाको भौतिक पुर्वाधार, शिक्षा, स्वास्थ्य तथा रोजगारीका अवसरहरूको वृद्धि र सुशासन कायम गरी सम्वृद्ध नगरविकासको आधारशीला निर्माण हुने । |
| **पञ्चपुरी नगरपालिकामा नीतिगत प्रभाव र उपलब्धिहरू** | • कृषिको व्यवसायिकरण, अर्गानिक कृषि उत्पादन एवं कृषि उत्पादनको बजारीकरणमा वृद्धि भएको हुने ।<br>• खेतीयोग्य भूमीमा वर्षै भरी भरपर्दो सिंचाई सुविधा पुगेको हुने ।<br>• पशुजन्य वस्तुको उत्पादन (मासु तथा दुग्ध उत्पादन) को व्यवसायिकरणमा वृद्धि भएको हुने ।<br>• सफा, सुन्दर, व्यवस्थित र आकर्षक पर्यटकीय स्थलहरूको संरक्षण र पूर्वाधारको विकास भएको हुने ।<br>• सबै वडाहरू कार्यालय जोड्ने सडकहरूको स्तरोन्नति (कालोपत्रे) भएको हुने ।<br>• वित्तीय साक्षरता अभिवृद्ध भई नगरवासीमा बैंक तथा वित्तिय सेवाको सहज पहुँच एवं बिस्तार भएको हुने ।<br>• पूर्व प्राथमिक तथा प्राविधिक शिक्षामा पहुँच तथा शिक्षाको गुणस्तरमा अभिवृद्धि भएको हुने । |

| विकास अवधारणा | विवरण |
|---|---|
| | • आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच तथा गुणस्तरीयता अभिवृद्धि भएको हुने।<br>• स्वच्छ खानेपानीको सहज उपलब्धता भएको हुने।<br>• लक्षित वर्गको सहभागितामा अभिवृद्धि र पारदर्शी निर्णय प्रक्रियामा विशेष जोड दिनुका साथै सुशासनमा अभिवृद्धि भएको हुने।<br>• स्थानीय भाषा संस्कृतिको संरक्षण र सम्बर्धनमा विशेष जोड दिइने।<br>• मुख्य मुख्य बस्ती तथा उत्पादनस्थल सम्म सडक सञ्जाल बिस्तार भई आवागमन सहज भएको हुने।<br>• सुरक्षित आवास र वस्ती विकास कार्यमा विशेष जोड दिइने।<br>• बिजुली तथा स्वच्छ ऊर्जाको उपलब्धता र उपयोगमा विस्तार भएको हुने।<br>• आधुनिक सूचना तथा संचार प्रविधिको पहुँचमा अभिवृद्धि भएको हुने।<br>• वन क्षेत्रको उचित व्यवस्थापन र उत्पादन तथा उत्पादकत्व वृद्धि भएको हुने।<br>• भू तथा जलाधार क्षेत्रको संरक्षण र बाढी पहिरोको प्रकोप न्यूनीकरणका कार्यहरू सञ्चालन भएको हुने।<br>• जलवायु परिवर्तनको असर तथा विपद जोखिमको प्रभावलाई न्यूनीकरणका लागि स्थानीय स्तरमा जनचेतना अभिवृद्धि भएको हुने।<br>• सेवा प्रवाह तथा कार्यसम्पादन प्रक्रिया सहज, सरल, पारदर्शी सहभागितामुलक भएको हुने।<br>• नगर कार्यपालिका र विषयगत निकायको संगठन विकास र व्यवस्थापन क्षमतामा अभिवृद्धि भएको हुने।<br>• आन्तरिक राजश्व श्रोतहरूको पहिचान र संकलन तथा वाह्य श्रोत परिचालन क्षमतामा अभिवृद्धि भएको हुने।<br>• योजनाको अनुगमन तथा मुल्यांकनलाई नतिजामुखी बनाउन र सुशासन कायम गर्न प्रभावकारी भएको हुने। |
| | • स्थानीय बस्तु उत्पादनको संभाव्यताका आधारमा उद्योग व्यवसाय र रोजगार प्रवर्धन।<br>• कृषि, पशुपालन, सिंचाई व्यवस्थापन तथा कृषि उत्पादनको बजारीकरण विशेष जोड दिने।<br>• आधारभूत शिक्षा, स्वास्थ्य र पोषण जस्ता कार्यक्रम। |

| विकास अवधारणा | विवरण |
|---|---|
| पञ्चपुरी नगर विकासका प्राथमिकताका क्षेत्र तथा कार्यहरू | • स्वच्छ खानेपानीको पहुँच सहज बनाउने तथा ढल निकास र सरसफाई कार्यहरू।<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण।<br>• युवा उद्यमसीलता, सीप विकास तथा युवा सशक्तिकरण।<br>• सडक पूर्वाधारको विस्तार, स्तरोन्नती एवं गुणस्तरियता।<br>• पर्यटन क्षेत्रको संरक्षण, पर्यटन पुर्वाधार निर्माण, पर्यटन प्रचार-प्रसार र बजारीकरण।<br>• सुशासन तथा सहज, सरल सेवा प्रवाह। |
| पञ्चपुरी नगरपालिकाले अवलम्बन गर्ने रणनीतिहरू | • गुणस्तरीय र प्राविधिक शिक्षा, स्वास्थ्य तथा पोषण सेवा, स्वच्छ खानेपानी र सरसफाई, सामाजिक सुरक्षा तथा युवा एवं लैङ्गिक सशक्तिकरणमा जोड दिने।<br>• युवा सिर्जनशिलता, स्थानीय सीप र सीपयुक्त जनशक्ति उत्पादनमा विशेष जोड दिने।<br>• स्थानीय उत्पादनलाई ध्यानमा राखी उद्यमशिलता विकास, कृषि तथा वन्य क्षेत्रका उत्पादन (जडिबुटी, काठजन्य वस्तु), ती वस्तुको विविधिकरण र बजारीकरणलाई दीगो र भरपर्दो हुने गरी उत्पादन वृद्धिमा जोड दिने र रोजगारी सिर्जना तथा आय आर्जनको माध्यमका रूपमा स्थापित गर्ने।<br>• सडक पुर्वाधार निर्माण, व्यवस्थित यातायात, बजार र सुरक्षित आवास, विद्युत तथा स्वच्छ उर्जा एवं अन्य आधारभूत पूर्वाधार विकासको माध्यमबाट वस्तु तथा सेवा उत्पादन, तिनको बजारीकरण तथा व्यवसायीकरणमा अभिवृद्धि गरी रोजगारी तथा आय आर्जनका अवसरहरू सिर्जना गर्ने।<br>• समावेशीकरण तथा सुशासन प्रवर्धनलाई स्थानीय विकास प्रक्रियामा सरकारी, गैर सरकारी, निजी क्षेत्र र नागरिक समाजसँगको समन्वय, सहकार्य र साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्ने।<br>• संघ तथा प्रदेश सरकारहरूसँगको समन्वय र सहकार्यमा पुर्वाधार विकास र रोजगारी सिर्जना हुने कार्यहरूमा विशेष जोड दिने।<br>• वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन हुनेगरी उत्पादन विविधिकरण, जैविक विविधता संरक्षण जस्ता क्षेत्रहरूलाई एकीकृत गरी विकास परियोजनाहरूको छनौट र कार्यान्वयनमा जोड दिने।<br>• दीगो विकास, समावेशी तथा न्यायपूर्ण शासन र सेवा प्रवाह तथा सुशासनको अभिवृद्धि गर्ने। |

| पञ्च वर्षीय योजनाका लागि अनुमानित लागत रकम | विषयगत क्षेत्र | कुल अनुमानित लागत (हजारमा) | प्रतिशत |
|---|---|---|---|
| | आर्थिक विकास | 1,112,878,857.84 | 24% |
| | सामाजिक विकास | 1,854,798,096.40 | 40% |
| | पुर्वाधार विकास | 1,205,618,762.66 | 26% |
| | वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | 231,849,762.05 | 5% |
| | सुशासन तथा संस्थागत विकास | 139,109,857.23 | 3% |
| | राजश्व संकलन, श्रोत परिचालन तथा व्यवस्थापन | 92,739,904.84 | 2% |
| | **कुल बजेट** | **4,636,995,241.00** | **100%** |

| पञ्च वर्षीय योजनाको श्रोत प्रक्षेपण | वार्षिक प्रक्षेपण आर्थिक बर्ष अनुसार रकम रु (हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७९-८० | २०८०-८१ | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | कुल रकम |
| | | 793,290,009 | 888,484,811 | 1,021,757,533 | 1,205,673,889 | |

| पञ्च वर्षीय योजनाको नपुग रकम | क्र.सं. | अनुमानित श्रोत | रकम (हजारमा) | प्रतिशत |
|---|---|---|---|---|
| | १ | आवधिक योजनाको लागि अनुमानित (रकम) श्रोत | 4,636,995,241.00 | 100 |
| | २ | आवधिक योजना अवधिमा उपलब्ध हुन सक्ने (रकम) श्रोत | 3,631,262,100.00 | 78 |
| | | अपुग (रकम) श्रोत | 1,005,733,141.00 | 22 |

# परिच्छेद- एक
# परिचय

## १.१ पृष्ठभूमि

नेपालले २०७२ साल असोज ३ गते संविधान सभाबाट लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थासहितको संविधान जारी गर्यो । यसले नेपालको एकात्मक शासन प्रणालीलाई संघीय स्वरूपमा परिणत गरी तीन तहका सरकारहरू रहने व्यवस्था गरेको छ । संविधानले नै संघ, प्रदेश र स्थानीय गरी तीन तहमा राज्यशक्तिको बाँडफाँट गरेको छ । साथै जनताको विकासको अपेक्षा पुरा गर्न र संघीयता शासन व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहहरूको विशेष भूमिका रहन्छ । संविधानले प्रदान गरेको सेवा प्रवाह र विकास निर्माणको कार्यजिम्मेवारीलाई विश्लेषण गरी सो अनुसारको विकास योजना निर्माण गर्ने र संविधानले निर्देशित गरे अनुसार जनताको दिगो शान्ति, विकास, समृद्धि र सुशासनको अपेक्षालाई पूरा गर्न स्थानीय सरकारहरूले तयार गर्ने विकास योजनाहरू प्रमुख आधारस्तम्भ हुन । तसर्थ संविधान र अन्य कानूनले प्रत्याभुत गरेका अधिकारको प्रयोग गर्दै आफ्ना कार्यजिम्मेवारी पुरा गर्न र स्थानीय आवश्यकताका आधारमा विकास निर्माणका कार्यहरू गर्नु स्थानीय सरकारहरूको मुख्य जिम्मेवारी हो ।

देशको मूल कानुनका रुपमा संविधानले अबलम्बन गरेका सिद्धान्तहरूलाई (जनताको सार्वभौम अधिकार, सबै प्रकारका विभेदको अन्त्य, विविधताको सम्मान, समतामूलक समाजको निर्माण, सामाजिक समावेशीकरण तथा न्याय, लोकतान्त्रिक शासन र मानव अधिकारको सम्मान, सुशासन, विकास तथा समृद्धि) लाई ध्यानमा राखी संविधानले अंगिकार गरेको संघीय शासन व्यवस्थाको कार्यान्वयन र विकास निर्माणलाई जनताले अनुभूत गर्ने गरी कार्य गर्दै स्थानीय तहबाट प्रदान गरिने सेवा तथा विकास निर्माणका कार्यहरूलाई परिणाममुखी बनाउँदै लैजानु अपरिहार्य छ ।

एकात्मक शासन प्रणालीको अभ्यासदेखि नै नेपालमा विकेन्द्रित शासन प्रणालीको शुरूवात भएको हो । स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ ले स्थानीय निकायमा अधिकार निक्षेपणसहितको स्थानीय शासनको परिकल्पना गरेको थियो । सो अनुसार तत्कालीन स्थानीय निकायहरूले सम्बन्धित स्थानीय निकायहरूको वस्तुस्थिति विश्लेषण गर्ने, श्रोत अनुमान गर्ने, आवधिक योजना तथा वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने, विकासका गतिविधि तथा सेवा प्रवाह गर्ने, विकास कार्यहरूबाट प्राप्त प्रतिफलको अनुगमन तथा लेखाजोखा गर्ने जस्ता अधिकार र क्रियाकलापहरू गर्दै आएका थिए ।

संघीय गणतान्त्रिक शासन व्यवस्थासहित विक्रम संवत २०७२ सालमा जारी गरिएको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र निर्धारण गरी सोहीअनुसार अधिकार क्षेत्र पनि तोकिदिएको छ । संविधानको अनुसूची ५ देखि ९ ले तीन तहका सरकारको एकल अधिकार र साझा अधिकारहरुको व्यवस्था गरेको छ । यी अधिकारले तीनै तहका सरकारको स्वायत्त अधिकार क्षेत्र र केही आपसी समन्वय गर्दै विकास कार्यहरू सञ्चालन गर्न गरी साझा क्षेत्रहरू पनि निर्धारण गरेको छ । सो बमोजिम सहकार्य र समन्वय सहितको शासन र विकास प्रणालीलाई प्रोत्साहित गरेको छ ।

स्थानीय तहले जनताको अधिकार जनताकै घरदैलोमा पहुँच विस्तार गर्नका लागि स्थानीय तहका विकास निर्माणका कार्यहरू, सामाजिक, आर्थिक, राजनैतिक, भौगोलिक लगाायतका विवरणको सूचनामा आधारित नगरपालिकाको आवधिक योजना निर्माण गरी ततअनुरूप विकास आयोजनाहरू सञ्चालन गर्नुपर्ने हुन्छ ।

संघीय लोकतान्त्रिक संविधानको कार्यान्वयन र तीनै तहको निर्वाचनसँगै स्थानीय तहको सरकारहरू क्रियाशील भएका छन् । संविधानतले नै निर्धारण गरेको तीनै तहका सरकारहरूको एकल अधिकार क्षेत्राधिकारभित्र स्वायत्त रूपमा विधायिकी, कार्यकारी र न्यायिक अधिकारको प्रयोग गर्न स्वतन्त्र छन् । साझा अधिकार-क्षेत्रको हकमा सहअस्तित्व, समन्वय र सहकार्यको सिद्धान्त अनुसार कार्य गर्नुपर्ने संवैधानिक व्यवस्था छ । संविधानद्धारा प्रदान गरेका एकल तथा साझा अधिकारक्षेत्रलाई व्यवस्थित गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, सङ्घ, प्रदेश तथा स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४ जस्ता कानूनहरूले स्थानीय सरकारको जिम्मेवारी तथा कार्यप्रणालीलाई थप स्पष्ट बनाएका छन् । साथै यी कानुनी व्यवस्थाले गाउँपालिका तथा नगरपालिकाहरूलाई स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक वा विषय क्षेत्रका लागि मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्न निर्देशित गरेका छन् । यसका अतिरिक्त राष्ट्रिय योजना आयोगले संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६ मार्फत स्थानीय तहका सरकारहरूको विकास निर्माणका कार्यक्षेत्र थप स्पष्ट पारेको छ र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ ले योजना तर्जुमा गर्दा अबलम्बन गर्नुपर्ने प्रक्रियाका बारेमा विस्तृत व्याख्या गरेको छ ।

यिनै कानूनी व्यवस्था र योजना दिग्दर्शनले आत्मसाथ गर्दै पञ्चपरी नगरपालिकाले आफ्नो काम, कर्तव्य, अधिकार र कार्यजिम्मेवारीलाई ध्यानमा राखी सहभागितामूलक प्रक्रियाबाट यस नगरपालिकामा रहेका संभावना, अवसर, समस्या र चुनौतिको विश्लेषण गरी दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, क्षेत्रगत उद्देश्य, रणनीतिहरू एवं प्रमुख कार्यक्रमहरूका लागि आवश्यक श्रोत-साधनको प्रक्षेपण सहित यो प्रथम नगर योजना (२०७९-८० देखि २०८४-८५) तर्जुमा गरिएको छ । यो योजना सहभागितामूलक प्रक्रियाबाट तर्जुमा गरिएको पञ्चपरी नगरपालिकाको आगामी पाँच वर्षका लागि समग्र विकासको रणनीतिक योजना मार्गचित्र हो । यसले नगरपालिकालाई मध्यमकालीन खर्च संरचना, वार्षिक नीति, कार्यक्रम तर्जुमा गर्न र प्राथमिकता क्षेत्र निर्धारण गरी श्रोत परिचालन गर्ने प्रमुख दस्तावेजको रूपमा काम गर्न सहजिकरण गर्नेछ ।

## १.२ योजना तर्जुमाको उद्देश्य

यस पञ्चपुरी नगरपालिकाको आवधिक नगर विकास योजना तर्जुमाका उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- सहभागितामूलक प्रक्रियाबाट पञ्चपुरी नगरपालिकाको आगामी पाँच वर्षका लागि समग्र विकासको दीर्घकालीन सोच र आवधिक लक्ष्य निर्धारण गर्ने,
- आवधिक योजनाका आधार सूचक र लक्ष्य परिमाणको आधारमा उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रमहरूको ढाँचा तयार गर्ने,

- आवधिक विकास योजना कार्यान्वयनका लागि वार्षिक विकास कार्य योजना, अनुगमन र समीक्षा सूचकहरूको ढाँचा तयार पार्ने,
- विषयगत तथा क्षेत्रगत रणनीतिक योजना एवं अन्य महत्वपूर्ण विकास प्राथमिकता प्राप्त कार्यक्रमहरू तर्जुमा गर्न मार्गनिर्देशित गर्ने,
- समष्टिगत र विषय क्षेत्रगत रूपमा प्राथमिकता प्राप्त योजना र क्रियाकलापमा श्रोत सुनिश्चितता गर्न उपलब्ध श्रोत-साधनको उच्चतम उपयोग र विकास कार्य बीच तादम्यता कायम गर्न सहयोग गर्ने,
- स्थानीय तहमा लगानी प्रवर्धन गर्न विकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रोत्साहित गर्न मार्ग प्रशस्त गर्ने ।

## १.३ योजना तर्जुमा सम्वन्धी कानूनी तथा नीतिगत व्यवस्थाः

नेपालको संविधान, २०७२ मा उल्लेखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, संघीय एवं प्रदेशीय कानून र नीति, स्थानीय तहको एकल तथा साझा अधिकारक्षेत्र नै स्थानीय तहको विकासको मार्गचित्र र योजना तर्जुमाका आधारहरू हुन । स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, बार्षिक र विषयगत क्षेत्रगत योजना तर्जुमा गरि कार्यन्वयन गर्नु पर्ने व्यवस्था छ साथै नगरपालिकाले क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था छ । यस प्रकारको योजना बनाउदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी निर्माण गर्नु पर्ने र सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, दिगो विकास लक्ष्य जस्ता अन्तरसम्बन्धित विषयहरूका साथै आर्थिक विकास, गरिबी निवारण, उत्पादनमूलक, छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार वढ्ने, स्थानीय सीप, साधन श्रोतको अधिकतम प्रयोग हुने, दीगो विकास लक्ष्य, भाषिक, साँस्कृतिक र सामाजिक सद्भाव तथा एकता अभिवृद्धि हुने बिषयहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था समेत गरिएको छ ।

## १.४ योजना तर्जुमा प्रक्रिया र चरणहरू

नगर स्तरीय आवधिक योजना तर्जुमा गर्दाका निश्चित प्रक्रियाहरू र योजना तर्जुमाका चरणहरूका बारेमा राष्ट्रिय योजना आयोगले प्रकाशित गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनले स्पष्ट पारेको छ । ती प्रक्रिया र चरणहरूलाई आत्मसात गर्दै पञ्चपुरी नगरपालिकाको पाँच वर्षे आवधिक योजना तर्जुमा गरिएको छ ।

### १.४.१ पहिलो चरणः योजना तर्जुमा गर्ने सम्बन्धी निर्णय एवं पूर्व तयारी

पञ्चपुरी नगरपालिकाको आवधिक योजना तर्जुमा गर्नका लागि पहिलो चरण अन्तर्गत पञ्चपुरी नगर कार्यपालिकाबाट योजना तर्जुमा गर्ने नीतिगत निर्णय मिति २०७९ पौष २८ मा भएको छ । साथै योजना तर्जुमाका लागि विभिन्न चरणका वैठक र आवश्यक सूचना संकलन लगायतका पूर्व तयारी गरिएको थियो ।

### १.४.२ दोस्रो चरणः योजना अभिमुखीकरण कार्यशाला गोष्ठी



दोस्रो चरण अन्तर्गत नगरपालिकाको आयोजनामा योजना तर्जुमा विधि, प्रक्रिया सम्बन्धी अभिमुखीकरण कार्यक्रम मिति २०७९ माघ २१ गतेमा सम्पन्न भएको थियो । आवधिक योजना तर्जुमा प्रयोजनका लागि नगर प्रमुख (मेयर) को संयोजकत्वमा मूल समिति, प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा प्राविधिक समिति र विषयगत समितिहरूलाई बिषय क्षेत्रगत जिम्मेवारीहरू तोकिएको थियो ।

### १.४.३ तेश्रो चरणः आधाररेखा सूचना तथा तथ्यांक विश्लेषण

योजना तर्जुमा कार्यमा आवश्यक तथ्यांक तथा सूचना संकलनका लागि नगरपालिका पार्श्वचित्र (नगर प्रोफाइल) तयार गर्दा संकलन गरिएका र राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त तथ्य तथ्याङ्क विश्लेषण गरिएको छ । साथै नगर कार्यपालिकाका विभिन्न शाखाहरुबाट प्राप्त तथ्याङ्क, नगरस्तरीय र वडास्तरीय तहमा गरिएका छलफल, स्थलगत अवलोकन भ्रमण तथा अन्य द्वितिय श्रोतबाट उपलव्ध तथ्य तथ्याङ्कहरूको विश्लेषण गरिएको छ । नगरको भौगोलिक तथा भौतिक अवस्थिति, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकाससँग सम्बन्धित तथ्य तथ्याङ्कहरूलाई नै आधार तथ्यांक सूचनाको रूपमा लिइएको छ । नगरपालिकाबाट प्रकाशित अप्रकाशित अभिलेखहरूको समेत विश्लेषण गरिएको छ ।

### १.४.४ चौथो चरणः योजना तर्जुमा कार्यशाला गोष्ठी



यस पञ्चपुरी नगर योजना तर्जुमा मूल समिति, बिषयगत समिति, प्राविधिक समितिको पहलमा मिति २०७९ चैत्र ९ गते नगरकार्यपालिकाका सम्पूर्ण सदस्यहरू, नगरस्तर र वडास्तरका सरोकारवालाहरू, बुद्धिजिवी, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, शिक्षक, समाजसेवी, महिला, युवा तथा अन्य विभिन्न समूहहरूको सहभागितामा छलफल कार्यक्रम नगर कार्यपालिका कार्यालय बाबियाचौरमा सञ्चालन गरिएको थियो । सो कार्यशाला गोष्ठी र छलफल कार्यक्रमहरूलाई विषय विज्ञहरूले सहजीकरण गर्नुभएको थियो । उक्त कार्यशाला गोष्ठी र छलफल कार्यकर्ममा पञ्चपुरी नगरपालिकाको विद्यमान अवस्था, नगरपालिकामा रहेका संभावनाहरू तथा अवसररू र

समस्या तथा चुनौतिको तथ्यपरक विश्लेषण गर्ने प्रयास गरिएको थियो । यीनै कार्यशाला गोष्ठी र छलफल कार्यक्रमबाट प्राप्त निष्कर्षका आधारमा नै समग्र पञ्चपुरी नगरपालिकाको विकासको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, बिषयगत, क्षेत्रगत उद्देश्य निर्धारण गरिएको थियो ।

### १.४.६ पाचौ चरणः एकिकृत योजना दस्तावेज तयारी

योजना तर्जुमाको क्रममा स्थानीय तह र अन्य सरकारको बिषय क्षेत्रगत एकल तथा साझा अधिकार क्षेत्रका सबै विषय एवं उपक्षेत्रहरूको विश्लेषण, कार्यशाला गोष्ठी तथा अन्य छलफल कार्यक्रमबाट प्राप्त भएका सुझाव तथा सल्लाहरूलाई सुक्ष्म विश्लेषण गरी योजनाको एकिकृत मस्यौदा दस्तावेज तयार गरिएको छ ।

यस योजना दस्तावेजलाई विभिन्न परिच्छेदमा विभाजन गरिएको छ । परिचय तथा पृष्ठभूमी, नगरपालिकाको भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था, नगरपालिकाको अवसर र चुनौति विश्लेषण, दिर्घकालीन सोच (दुरदृष्टि), आवधिक लक्ष्य र उद्देश्य, विषय क्षेत्रगत (आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण र विपद र संस्थागत र सुशासन) योजना, वित्तीय श्रोत व्यवस्थापन, कार्यान्वयन कार्ययोजना, अनुगमन र मूल्याङ्कन योजना लगायतका रहेका छन् ।

### १.४.७ छैठौं चरणः योजना प्रस्तुतिकरण

सहभागितामूलक कार्यशाला गोष्ठी, नगरस्तरीय तथा वडास्तरीय छलफल, स्थलगत अवलोकन भ्रमण, विषय विज्ञहरूसँगको परामर्श तथा छलफल, विभिन्न समूहहरूसँगको छलफल तथा अन्तरक्रिया नगरपालिकाको पार्श्वचित्रको विश्लेषण, नगरपालिकाका विभिन्न विषयगत शाखाहरूबाट प्राप्त सूचना तथा सुझावहरूलाई समेटेर यस आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएको हो । उक्त मस्यौदा दस्तावेजलाई नगरपालिकामा मिति 2080/09/14 मा प्रस्तुत गरी प्राप्त थप राय सुझावलाई समेत समावेश गरी अन्तिम मस्यौदा दस्तावेज तयार गरिएको छ ।

### १.४.८ सातौ चरणः अन्तिम दस्तावेज स्विकृति र प्रकाशन

पञ्चपुरी नगरपालिकाको आवधिक योजना मस्यौदा प्रस्तुतिकरणबाट प्राप्त सुझाव तथा पृष्ठपोषणलाई समेत समावेश गरी पञ्चपुरी नगरपालिकाको ५ वर्षे प्रथम नगर विकास योजना (आ.व.२०७९-८० देखि २०८३-८४) को दस्तावेजलाई मिति २०८० भाद्र ७ गते सम्पन्न नगर सभाबाट स्वीकृत गरी लागु गरिएको छ ।

## १.५. पञ्चपुरी नगरपालिकाको भौगोलिक, आर्थिक, सामाजिक-साँस्कृतिक तथा ऐतिहासिक पृष्ठभूमि

नेपालको पछिल्लो शासकीय पुनर्संरचना अनुसार कर्णाली प्रदेशको सुर्खेत जिल्लामा रहेको पञ्चपुरी नगरपालिका साविकमा रहेका पाँच वटा गाउँ विकास समितिहरू मिलेर बनेको नयाँ नगरपालिका हो । राजनैतिक वा प्रशासनिक दृष्टिले सुर्खेत जिल्लालाई नौ वटा स्थानीय तहहरू (५ वटा नगरपालिका र ४ वटा गाउँपालिकाहरू) मा विभाजन गरिएको छ ।

सुर्खेत जिल्लाको पश्चिम क्षेत्रमा पर्ने पञ्चपुरी नगरपालिका प्राकृतिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले विविधतायुक्त नगरपालिका हो। क्षेत्रफलका हिसाबले सुर्खेत जिल्लाका स्थानीय तहहरू मध्ये यो नगरपालिका तेस्रो ठुलो (३२९.०९ वर्ग कि.मी.) स्थानीय तह हो । प्राकृतिक श्रोत साधनको उपलब्धता, भौगोलिक अवस्थिति र विकास सम्भाव्यताका दृष्टिले प्रचुर सम्भावना भएको नगरपालिका भएतापनि यो नगरपालिका आर्थिक-सामाजिक विकासका हिसाबले अझै पनि पछाडि परेको छ । कृषि उत्पादन सम्भाव्यताका साथै वनजंगल, वनपैदावार र पशुपालन यो नगरपालिकाको महत्वपूर्ण श्रोतहरू हुन् । यस नगरपालिकाको नगरकार्यपालिका रहेको बाबियाचौर बजारलाई कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरसँग जोड्ने र यस क्षेत्रकै व्यापारीक केन्द्रको रूपमा विकास गरी यस क्षेत्रका उत्पादनहरूलाई बजारीकरण गर्न सकिने सम्भावनाहरू छन् ।

यस नगरपालिकाको उत्तरमा कर्णाली नदी, दक्षिणमा बर्दिया राष्ट्रिय निकुञ्जको भाग, पुर्वमा बराहताल गाउँपालिका र पश्चिममा चौकुने गाउँपालिका रहेका छन् । भौगोलिक अवस्थितिका हिसाबले यो नगरपालिकाको उत्तरी अक्षांश २८ डिग्री ३९ मिनेट ४६ सेकेन्ड उत्तर देखि २८ डिग्री ५४ मिनेट ५० सेकेन्ड'' उत्तरसम्म र पूर्वी देशान्तर ८१ डिग्री १५ मिनेट २७ सेकेन्डदेखि ८१ डिग्री ३१ मिनेट २९ सेकेन्ड पूर्वसम्म फैलिएको छ ।

### १.६ नगर विकास योजना निर्माणका सिमाः

<u>यस नगर विकास योजनाका सीमाहरू निम्नबमोजिम रहेका छन् ;</u>


- आवधिक नगर योजना तर्जुमाका लागि आधार रेखाको रुपमा नगर पाश्र्वचित्रमा उपलव्ध तथ्याङ्क तथा सूचना श्रोतलाई आधार बनाएको छ । विवादास्पद सूचना तथ्यांकको हकमा कार्यशालाबाट सहमति बनाई विश्लेषण गरिएको छ । केन्द्र, प्रदेश तथा जिल्ला तह तथा अन्य सूचना समेतलाई आधार बनाइएको छ । यसै गरि कतिपय सूचकको हकमा रास्ट्रिय जनगणना २०७८ को तथ्यांक विवरण आधार मानिएको छ ।
- आवधिक योजना राजनीतिक प्रक्रियाबाट तर्जुमा गरिएको रणनीतिक मार्गदर्शक योजनाको खाका भएकोले नगरपालिकाको दीर्घकालीन सोच, आवधिक लक्ष्य, बिषयक्षेत्रगत उद्देश्य, रणनीति, प्रमुख कार्यक्रम तहसम्म मात्र केन्द्रित छ । समुदाय तथा वडास्तरका विकास निमार्णका क्रियाकलापहरु अनुसुचीको रुपमा समावेश गरिएको छ ।
- प्रादेशिक सरकारसंगको साझा अधिकार क्षेत्रभित्र पर्ने योजना तथा कार्यक्रम यो आवधिक योजनाले समेटेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार नगरपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ–संस्था र निजी क्षेत्रका कार्यक्रमहरू नगरसभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था भएतापनि यो अभ्यास पूर्णरूपमा कार्यान्वयनमा आइनसकेको हुँदा गैर सरकारी तथा अन्य क्षेत्रबाट हुने क्रियाकलाप तथा लगानी समावेश गरिएको छैन ।
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा नगरपालिकाले उक्त श्रोत साधनको प्रक्षेपण गरिनसकेकोले योजना तर्जुमाको यथार्थ श्रोत साधनको प्रक्षेपण हुन सकेन र अनुमानित श्रोतमात्र प्रक्षेपण गरिएकोछ ।

- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संभाव्य आयोजना संचालन तथा व्यवस्थापनको यथार्थ प्रक्षेपण गर्न सकिएको छैन ।
- विभिन्न क्षेत्रगत तथ्याकंको लागि यस भन्दा अगाडि तयार गरिएको पञ्चपुरी नगरपालिकाको प्रोफाइलबाट लिइएको छ । जसमा राखिएका तथ्यांकहरु धेरै पुराना रहेको र पछिल्लो अध्यावधिन नभएको हुँदा सोही तथ्याकंहरुलाई आधार मानेर गर्नु पर्ने आबस्था रहेकोछ।

# परिच्छेद- दुई
# परिचय

### नगरपालिकाको भौगोलिक, समाजिक, जनसांख्यिकी तथा आर्थिक स्थितीको विश्लेषण


### २.१ नगरपालिको संक्षिप्त परिचयः





भौगोलिक नक्शामा यो नगरपालिका उत्तर अक्षाशं २८० ३९' ४६" देखी २८० ५४' ५०" सम्म र पुर्वी देशान्तर ८१०१५' २७" देखि ८१०३१' २९" सम्म फैलिएको रहेको छ । यो नगरपालिका कर्णाली प्रदेशको राजधानी विरेन्द्रनगरबाट ५५ कि.मि को दुरीमा रहेको छ। सुर्खेत जिल्लाको पश्चिम क्षेत्रमा अवस्थित पञ्चपुरी नगरपालिका साविकका वबियाचौर, विद्यापुर, छाप्रे, सालकोट र तातापानी गा.वि.सहरु मिलेर बनेको हो । यस नगरपालिकाको २०७८ सालको राष्ट्यि जनगणना अनुसार कुल जनसंख्या ३५ हजार ८ सय ३९ जना रहेकोमा १७ हजार २ सय ३0 जना पुरुष र १८ हजार ६ सय ९ जना महिला रहेका छन। नगरपालिकाको कुल क्षेत्रफल करिब ३२९.९ बर्ग मी रहेका छ। सुर्खेतमा रहेका ९ वटा स्थानीय तहहरुमध्ये भौगोलिक हिसावले यो तेश्रो ठूलो स्थानीय तह हो भने, यो नगरपालिका सुर्खेत जिल्लाका ५ वटा नगरपालिका मध्ये क्षेत्रफलमा सबैभन्दा ठुलो नगरपालिका हो। यस नगरपालिकाको केन्द्रको रूपमा बाबियाचौरलाई तोकिएको छ। जनचाहना र आवश्यकताको सम्बोधन गर्ने हेतुले यस नगरपालिकाले सरकारी निकायका सेवा केन्द्र र गैरसरकारी संघ संस्थाहरूसँग समन्वय गरि कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ। यस नगरपालिकामा उपलब्ध स्रोतहरू मध्ये प्राकृतिक स्रोतका रुपमा वनजंगल र जडिबुटी आर्थिक समृद्धि र विकासको बलिया आधारहरु हुन्। त्यसै गरि कृषि र पशुजन्य वस्तुहरूको उत्पादन उल्लेख्य रूपमा आन्तरिक आम्दानीको स्रोतका रूपमा स्थापित रहेको छ। यहाँका राजनैतिक दलहरु पञ्चपुरी नगरपालिकाको सामूहिक विकासका निमित्त एकताबद्ध रहेका छन। नगरभित्र क्रियाशिल विभिन्न संघसंस्थाहरु, सहकारीका सामूहिक कार्य र व्यवसायिकता जस्ता प्रयासले नगरपालिकाको विकाशमा टेवा पुगेको छ सामाजिक संघसंस्थाहरुका कारण यहाँका जनताहरू सशक्तिकरण भयको छ। त्यसै गरि यो नगरपालिकामा कृषि, पशुपालनको र पर्यटनको उच्च सम्भावना रहेको छ।

### २.१.१ क्षेत्रफल तथा जनसाख्यिक वनौट:

यस नगरपालिकाको क्षेत्रफल ३२९.९ बर्ग कि.मी रहेका छ। सुर्खेतमा रहेका ९ वटा स्थानीय तहहरुमध्ये भौगोलिक हिसावले यो तेश्रो ठूलो स्थानीय तह हो भने, यो नगरपालिका सुर्खेत जिल्लाका ५ वटा नगरपालिका मध्ये क्षेत्रफलमा सबैभन्दा ठुलो नगरपालिका हो । यस नगरपलिकामा जातिय रुपमा मिश्रित बसोबास रहेको अवस्था छ। विशेष गरि ब्राहमण, क्षेत्री, मगर, दलितहरुको उच्च बसोबास रहेको देखिन्छ । यस क्षेत्रका अधिकांश समुदायले नेपाली भाषालाई मातृभाषाको रुपमा प्रयोग गरेको पाईन्छ भने केही राजी र मगर भाष बोल्ने समुदायहरु पनि रहेका छन । यस नगरपालिकाको २०७८ सालको राष्ट्यि जनगणना अनुसार कुल जनसंख्या ३५ हजार ८ सय ३९ जना रहेकोमा १७ हजार २ सय ३० जना पुरुष र १८ हजार ६ सय ९ जना महिला रहेका छन। राष्टिय जनगणना २०७८ को विवरण अनुसार यस नगरपालिकाको जनसंख्यालाई वडागत रुपमा निम्नानुसार प्रस्तुत




गरिएको छ।

### २.१.२ प्राकृतिक श्रोत:


यस नगरपालिकाको करिब एक तिहाई भूभाग १०२.४७ हेक्टर वन जंगल तथा हरियाली क्षेत्रले ढाकेको छ जसले गर्दा वन जन्य काठ लगायतका वस्तुहरूको प्रयाप्तता रहेको छ। जैविक विविधताले भरिपूर्ण यहाँको वनजंगलमा पाखानभेद, पानी अमला, कुरीलो, गुराँस, अमला, हर्रो, बर्रो, काउलो, बोझो, ऐंसेलु, सल्लाको खोटो, घोरताप्रे जस्ता जडिबुटिको उपलब्धता रहेको छ जसमा ५१ वटा सामुदायिक बन समिति रहेका छन् उत्त बन क्षेत्रमा ऐतिहासिक प्रसिद्ध गुफाहरु रहेका छन् त्यसै गरि ढुंगा, गीटि, वालुवा अर्को प्रमुख प्राकृतिक श्रोत हुन. पञ्चपुरी मन्दीर, गुफा, ताल जस्ता ऐतिहासिक धार्मिक तथा प्राकृतिक सौन्दर्यता अवलोकन केन्द्रहरू रहेको छ। नगरपालिका भएर वर्षैभरि पानी बहने कर्णाली र भेरी जस्ता ठूला नदीहरू यस नगरपालिका क्षेत्र भित्र रहेका छन।

### २.१.३ जातजाती:

यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्मावलम्बीहरु को बसोबास रहेको छ। जातजातिका आधारमा घरधुरी सर्वेक्षणको जनसंख्या विवरणलाई हेर्दा सबैभन्दा बढी २९.३० प्रतिशत क्षेत्री, दोश्रोमा २१.८५ प्रतिशत कामि, १५ .५२ प्रतिशत व्राम्हण तेस्रोमा, १४.९० प्रतिशत मगर चौथोमा रहेका जातजाति हुन ! त्यसै गरि यस नगरपालिकामा ६.२६ प्रतिशत दमाई, १.५१ प्रतिशत सन्यासी, ५.२५ प्रतिशत ठकुरी, २.४५ प्रतिशत सार्की, ०.६१ प्रतिशत नेवार, १.१० प्रतिशत राजि, ०.२९ प्रतिशत गुरुङ, ०.१३ प्रतिशत बादी, ०.०८६ प्रतिशत कुमाल, ०.३० प्रतिशत माझि, ०.०५ प्रतिशत थारु, ०.०८ प्रतिशत सुनुवार र ०.२१ अन्य जातजाति रहेका छन्।
(श्रोत: रास्ट्रीय जनगणना २०७८)

### २.१.४ भाषा


यस नगरपालिकाभित्र बसोबास गर्ने जनसंख्या मध्ये सबैभन्दा बढी ९३.८ प्रतिशतले नेपाली भाषा, ४.५० प्रतिशतले मगर भाषा, ०.४७ प्रतिशतले नेवारी भाषा, १.०७ प्रतिशतले राजि भाषा, ०.४७ प्रतिशतले थारु भाषा, ०.१७ प्रतिशतले अछामी भाषा, ०.०३ प्रतिशतले गुरुङ भाषा,




१.०७ प्रतिशतले राजि भाषा, ०.०२७ प्रतिशतले हिन्दि भाषा, ०.२० प्रतिशतले मगर खाम भाषा, ०.११ प्रतिशतले दैलेखी भाषा बोल्छन भने ०.०६ प्रतिशत नगण्य संख्यामा रहेकोले अन्य भाषा प्रयोग गर्ने गरेको पाइन्छ।
(श्रोत: रास्ट्रीय जनगणना २०७८)

## २.१.५ धर्म संस्कृति


यस नगरपालिकामा रहेका कुल जनसंख्या मध्ये ९२.०७ प्रतिशत जनसंख्याले हिन्दु धर्म मान्दछन् । दोस्रोमा बौद्ध धर्म मान्नेको संख्या ६.८२ प्रतिशत र तेस्रोमा क्रिस्चियन धर्म मान्नेको संख्या १.०६ प्रतिशत रहेको छ भने ०.०१ प्रतिशत इश्लाम धर्म र ०.०२७ अन्य धर्म मान्ने गरेको छन । यस नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन्। यहाँ अधिकांश हिन्दू धर्म मान्ने पहाडी मूलका मानिसहरू रहेका छन त्यस्तै बौध र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाती र सम्प्रदायका आ–आफ्नै धर्म संस्कृति र चालचलनहरू छन् ।




जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ, होली, चैते दशैं, साउने– माघे सक्रान्ती, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी–हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन ( जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा , श्रीस्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोहश्राद्ध, छोनाम (न्वागी), बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष आदि चाडपर्वहरू रहेका छन् । (श्रोत: रास्ट्रीय जनगणना २०७८)

## २.१.६ साक्षरता र शैक्षिक अवस्था

यस नगरपालिकामा रहेको कुल जनसंख्या ३५,८३९ मध्ये ३२,२९४ (७८.५ प्रतिशत ) जना नागरिक साक्षर रहेका छन । साक्षर जनसंख्या मध्ये पुरुष १५,३६८ जना (८६.१२ प्रतिशत) र महिला १६,९२६ जना (७१.६) प्रतिशत साक्षर रहेका छन। यस नगरपालिका भित्र ५३ वटा सामुदायिक विद्यालयहरू, ७ वटा संस्थागत (निजि) विद्यालयहरू, २ वटा प्राविधिक शिक्षालय र १ वटा स्नातक तहसम्म संचालित वहुमुखी क्याम्पस रहेको छ। हाल औपचारिक शिक्षा (विद्यालय शिक्षा, उच्च शिक्षा) पूर्ण हासिल गरेको जनसंख्या २५६३५ रहेको छ।



## २.२.भौगोलिक तथा धरातलीय अवस्थिती:

सुर्खेत जिल्लाका ९ वटा स्थानीय निकायहरू मध्ये पञ्चपुरी नगरपालिको साविकको निर्वाचन क्षेत्र नं ३ अन्तर्गत पर्दछ । सुर्खेत जिल्लाको पश्चिममा अवस्थित पञ्चपुरी नगरपालिको क्षेत्रफल ३२९.०९ वर्ग कि.मी. र वीरेन्द्रनगर नगरपालिका देखि १५ कोषको दुरीमा रहेको छ । यस नगरपालिकाको पूर्वमा बराहताल गाउँपालिका, दक्षिणमा बर्दिया राष्ट्रिय निकुञ्जको भाग, उत्तरतर्फ कर्णाली नदी तथा दैलेख जिल्लाको भाग, र पश्चिममा चौकुने गाउँपालिकाको भाग रहेको छ । समुद्री सतहको १९८ मिटर देखि २१०० मिटर सम्मको उचाइमा अवस्थित यस पञ्चपुरी नगरपालिको केन्द्र विन्दु वा सदरमुकाम र व्यापारिक क्षेत्रका रूपमा बाबियाचौर क्षेत्रलाई लिइएको छ । यो नगरपालिका सुर्खेत उपत्यकाको विस्तारित क्षेत्रको रूपमा रहेको छ । यस नगरपालिकाको धेरै जसो क्षेत्र जंगल तथा खेतियोग्य जमिनमा उर्वर क्षमता रहेको पाइन्छ । यो नगरपालिका जिल्लाको पश्चिमको केन्द्रको रुपमा विकास हुदै गएको छ । कैलालीको कर्णाली चिसापानीबाट जामु कुइने बाबियाचौर हुदै अछामको जङ्लाघाट जोड्ने सडकको थालनीले ७ नं. प्रदेशको लिंक रोडको काम गरि बाबियाचौरलाई केन्द्र बनाई वीरेन्द्रनगर तथा सुर्खेत उपत्यकाको प्रवेशद्वारको रुपमा विकास हुदै जाने सम्भावना रहेको छ ।

### २.२.१ क्षेत्रफल:

सुर्खेत जिल्लाका ९ वटा स्थानीय निकायहरू मध्ये क्षेत्रफलका हिसाबले तेस्रो ठुलो (३२९.०९वर्ग कि.मी.) यो नगरपालिका स्रोत तथा संम्भावनाका हिसाबले सक्षम मानिन्छ । यस नगरपालिकाको वडा अनुसार क्षेत्रफल हेर्दा सबैभन्दा ठुलो वडा नं.१० (७०.४६) र सबैभन्दा सानो वडा न. ३ (८.७७ ) मानिन्छ । यस सम्वन्धि विस्तृत जानकारी मथिको तालिका न. २ मा उल्लेख गरिएको छ ।

### २.२.२ भौगोलिक स्वरूप

सुर्खेत जिल्लाको पश्चिम भागमा अवस्थित पञ्चपुरी नगरपालिका महाभारत श्रृङ्खलाको मन्द ढालयुक्त पहाडी क्षेत्र, चट्टान युक्त र कंकड खैरो माटो, अधिकांश भाग जंगलले ढाकिएको, साना ताल तलैया, बाबियाचौर उपत्यका, तथा भेरी नदीले बनाएको उपत्यकाहरू र महाभारत श्रृङ्खलाका तल्ला होचा पहाडहरूले बनेको छ । समुद्र सतहको १९८ मिटर देखि २१०० मिटरसम्म उचाइमा अवस्थित यस नगरपालिका पूर्ववाट पश्चिमतर्फ फैलिएर रहेको छ । उर्वर भुमि  र विशाल जंगल क्षेत्रले ओगटेको यस नगरपालिका दोमट बलौटे माटोको भुखण्डले बनेको छ ।

जिल्लाको भौगोलिक तथा धरातलीय अवस्था अनुसार सुर्खेत जिल्लालाई मुख्यतया चार प्रकारको हावापानी पाइने क्षेत्रहरूमा विभाजन गरिएको छ । सोही भौगोलीक तथा भुधरातलीय क्षेत्रको आधारमा पञ्चपुरी नगरपालिकाको धेरै जसो भूभाग समुन्द्री सतहको ४०० देखि १७०० मिटरको उचाइमा पर्ने भएकोले यहाँ न्यानो, सुख्खा, उपोष्ण, हावापानी पाइन्छ । महाभारत श्रृङ्खलाको तल्लो भागमा पाइने वनस्पति चिउरी, सिमल, तिजु, बाँझ, कटुस, काफल जातका वनस्पति पाइन्छन् भने जडिबुटि तर्फ समयो, काउलो, चुत्रो, कुरिलो, टिमुर, तेजपात, सुनगाभा, अमला, हर्रो, बर्रो, शिकारी लहरा, जिवन्ती आदि प्रशस्त मात्रामा पाइनुका साथै बाँस, निगालो जस्ता डोको डालोका लागि चोयायुक्त वनस्पति पनि यहाँ पाइन्छ र कुच्चो तथा झाडुको लागि अम्रिसो, बनस्पती पनि प्रशस्त पाइन्छ । यस भु–भागमा औषत १०० मिलिलिटर भन्दा बढी नै वर्षा हुने गर्दछ । मध्य तथा सुदुरपश्चिम क्षेत्रीय हावापानी कार्यालय, सुर्खेतको अभिलेख अनुसार यस क्षेत्रको तापक्रम न्यूनतम ५.९ डिग्री अधिकतम तापक्रम ३७.५ डिग्री रहेको देखिन्छ।

# परिच्छेद- तीन

## विषयगत क्षेत्रहरुको वर्तमान अवस्था र आगामी पाँच वर्षपछिको अपेक्षित अवस्था

### शिक्षा

यस नगरपालिको भित्र सार्वजनिक तथा निजी शैक्षिक संस्थाहरु जम्मा ६२ वटा रहेका छन । जसमध्ये ४७ वटा सामुदायिक र ६ वटा नीजि गरि ५३ वटा आधारभुत विद्यालय रहेका छन यसै गरी ६ सामुदायिक र १ निजि गरि ७ वटा माध्यमिक विद्यालय रहेका छन । कृषि प्राविधिक शिक्षालय १ वटा रहेको छ । यसैगरी यस नगरपालिकामा उच्च शिक्षा तर्फ १ वटा विद्यापुर जनता वहुमुखी क्यापस रहेको छ । यस नगरपिलकालाइ पुण साक्षर नगरपालिका घोषणा गरियको छ भने साक्षरता प्रतिशत ९७ प्रतिशत रहेको छ ।

| क्र.सं | अहिलेको अवस्था | पाँच वर्षपछिको अवस्था | गर्नुपर्ने कार्यहरु |
|---|---|---|---|
| १ | आ.वि र मा.वि मा मात्र आईसीटीको पहुँच | सम्पुर्ण विद्यालयमा इन्टरनेट र कम्प्यूटरको व्यवस्था | सूचना प्रविधिका पूर्वाधार तयार गर्दै जाने र जनशक्ति विकासका लागि हरेक विद्यालयका कम्तिमा एक एक जना शिक्षकहरूलाफ सूचना प्रविधि सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने |
| २ | विद्यालय छोड्ने संख्या उच्च -Drop out_ | वालविवाह न्यूनिकरण भइ विद्यालय छोड्ने दरमा कमि आउन] | ✓ जनचेतना अभिवृद्धि<br>✓ आमा समूह परिचालन<br>✓ वाल क्लव परिचालन<br>✓ विद्यार्थी केन्द्रीत कार्यक्रमहरु संचालन<br>✓ स्थानिय रोजगारीहरुको अवस्थाको सृजना |
| ३ | एउटा वहुमुखी क्यामपस संचालन | सम्पुर्ण पुर्वाधार युक्त स्तरिय क्यामपस संचालन | ✓ पुर्वाधार निमार्ण<br>✓ छात्रावास निमार्ण<br>✓ शिक्षक व्याव्स्था<br>✓ तालिमको व्यवस्था<br>✓ संघ प्रदेशसँग समन्वय |
| ४ | विद्यार्थिमा मनोसामाजिक समस्या | विद्यालयमा मनोसामाजिक फोकल पर्सनको व्यवस्था गर्ने | ✓ फोकल पर्सन तोक्ने<br>✓ फोकल पर्सनलाई तालिम<br>✓ विद्यार्थिलाई मनोसामाजिक परामर्श दिने |

| | | | |
|---|---|---|---|
| ५ | शैक्षिक गूरुयोजना निमार्ण नभएको | शिक्षा सम्वन्धि गुरु योजना निमार्ण गरी कार्यान्वयन हुने | ✓ गुरुयोजना निमार्ण<br>✓ वार्षिक योजना तर्जुमा<br>✓ राय सुझाव संकलन<br>✓ वास्तविक विवरण र अवस्था अनुसार कार्यान्वयन |
| ६ | अनुगमन तथा सुपरिवेक्षणको अवस्था कमजोर | सुस्त दुरुस्त अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था गरिने | ✓ विद्यालय व्यवस्थापन समितिलाई निरिक्षणका लागि ससक्त गराउने<br>✓ वडा शिक्षा समितिलाई अनुगमनको लागि समन्वय गन<br>✓ शिक्षा शाखाको कुनै कर्मचारीलाई अनुगमनको जिम्मा दिई प्रतिवेदन पेश गर्न लगाउने |
| ७ | ✓ प्राविधिक विद्यालय (भेटेनरी संकाय ९– १२ संचालन)<br>✓ कृषि ३ वर्षे संचालन भयको<br>✓ इन्जिनियरिगं तर्फ संचालन नभएको | ✓ प्राविधिक तर्फ स्तरउन्नती गरी स्नातक सम्मको कक्षा संचालन गर्न<br>✓ इन्जिनियरिङ तर्फ प्राविधिक संकाय शुरुवात गर्ने | ✓ वजेट विनियोजन<br>✓ प्रदेश सरकार, संघिय सरकार सँग समन्वय<br>✓ जमिन व्यवस्थापन<br>✓ पूर्वाधारहरुको व्यवस्थापन |
| ८ | दरवन्दिको अभाव, कमी | विद्याथी संख्याको आधारमा दरवन्दि पुरा गर्ने | ✓ दरवन्दि मिलान तथा नगरबाट स्वयंसेवक शिक्षकको व्यवस्था |
| ९ | भौतिक पूर्वाधारको कमजोर अवस्था अधुरा भवनहरु | पुर्वाधारयूक्त विद्यालय निमार्ण गरिने | ✓ प्रदेश र संघसँग समन्वय<br>✓ पालिकाबाट पुर्वाधार निमार्ण तर्फ वजेट विनियोजन |
| १० | तालिम प्राप्त शिक्षकको कमी | सम्पुर्ण शिक्षकलाई तालिमको व्यवस्था मिलाउन | ✓ विषयगत शिक्षकहरुलाई विभिन्न समयमा तालिम तथा प्रविधिकरण गर्ने |

**स्वास्थ्य सेवाः**

यस नगरपालिकामा सालकोट, वावियाचौर, छाप्रे, विद्यापुर, तातापानी लगायतका ५ वटा ठाँउबाट स्वास्थ्य सेवा प्रदान गरिएको छ । हाल यस नगरपालिकाको वडा नं. २ पलैटेमा २५ शैयाको अस्पताल निमार्ण भईरहेको **छ ।**

| क्र.सं | अहिलेको अवस्था | पाँच वर्षपछिको अवस्था | गर्नुपर्ने कार्यहरु |
|---|---|---|---|
| १ | स्वास्थ्य संस्थाका भवन निमार्ण भयको र ११ वटै वडाहरुमा स्वास्थ्य संस्था संचालन भएको तर स्वास्थ्यका मापदण्ड अनुसारको भवन नभएको, (वडा नं. ७, ९ र ११ स्वास्थ्य चौकि र वन्छी १० लाटीडाडा ६ दहशान्ने ८, पैसरा ७, सिन्ताचौर ७ मा),<br>कर्मचारीहरु नगरपालिकाबाटै व्यवस्थापन भएको । | ✓ सवै संस्थाहरुको मापदण्ड वमोजिमको भवन हुनेछ ।<br>✓ दरवन्दी मिलान र व्यवस्थापन हुनेछ | ✓ प्रतिवर्ष २ २ वटाको दरले भवन निमार्ण गर्नु पर्ने । |
| २ | पञ्चपुरी नगरपालिकाबाट विशेष स्वास्थ्य सेवा लिने स्वास्थ्य संस्था उपलब्ध नभएको, | ५० बेड क्षमताको तथा विशेषज्ञ स्वास्थ्य सेवा सहितको अस्पताल व्यवस्था गर्ने | स्वास्थ्य तथा जनस्वास्थ्य मन्त्रालयसँग समन्वय गर्ने |
| | **आयुर्वेद तर्फ** | | |
| १ | हाल वडा नं. ९ र ११ वाट आयुर्वेद स्वास्थ्य सेवा संचालन भईरहेको<br>जडिवुटि खेति तथा वजार व्यवस्थापन नभएको<br>आयुरवेद उपचार पद्धिती अनुसार योग केन्द्र जेष्ठ नागरिक आरोग्य सेवा पन्चकर्म तथा पुर्वकर्म सेवा र झार सुत्र उपचार पद्धतिको सेवा उपलब्ध नरहेको | ✓ प्रत्येक वडामा कम्तिमा दुई दिन आयुवेद स्वास्थ्य सेवा संचालन हुने ।<br>✓ जडिवुटि खेति एवं वजार व्यवस्थापन गरिने ।<br>✓ प्रत्येक वडामा जेष्ठ नागरिक आरोग्य सेवा संचालन गरिने ।<br>✓ पंचकर्म पुर्वकर्म सेवालाई आधानिक तरिकाले संचालन गरिने ।<br>✓ प्राविधिक सहयोगमा छारसुत्र सेवा सञ्चालन गरिने । | ✓ संघ तथा प्रदेशसंग समन्वय गरि बजेटको व्यवस्थापन गरिने<br>✓ दक्ष जनशक्ति व्यवस्थापन गरिने<br>✓ योग भवनको निमार्ण गरिने ।<br>✓ आयुर्बेदको महत्व बारे जनचेतना मुलक कार्यक्रम संचालन गर्ने |

**महिला विकास तथा समावेसिकरणः**

| क्र.सं | अहिलेको अवस्था | पाँच वर्षपछिको अवस्था | गर्नुपर्ने कार्यहरु |
|---|---|---|---|
| १ | लैगिक हिंसा र लैगिक विभेद उच्च रहेको करिव (२० प्रतिसत) | लैगिक हिंसा र लैगिक विभेदको न्यूनिकरण गरि ५ प्रतिशतमा झार्ने | ✓ चेतनामूलक कार्यक्रम गर्ने<br>✓ महिला शिक्षा अनिवार्य गर्ने<br>✓ महिलाहरुलाई आय आर्जनमा संलग्न गराउने |
| २ | राजनीतिमा महिला प्रतिनिधित्व (हाल ३३ प्रतिशत रहेको ) | महिला सहभागितामा उल्लेखनिय वृद्धि गरी ५० प्रतिशत पुर्याउने | ✓ महिलाहरुको राजनीतिक तथा आर्थिक क्षेत्रमा सहभागिता वढाउने<br>✓ उद्यमशिलता विकास तालिम दिने |
| ३ | वालमैत्रि संरचनाको साथै अपागंमैत्रि संरचनाको निमार्ण (हाल १०प्रतिशत रहेको) | वृद्धि गरि ४० प्रतिशत पुर्याउने | ✓ पालिकामा वन्ने सम्पुर्ण भौतिक संरचना वहालमैत्रि तथा अपागंमैत्रि वनाउन अनिवार्य गर्ने। |
| ५ | वाल विवाह ५० प्रतिशत रहेको | पुर्ण रुपमा निर्मूल गर्ने | ✓ विवाह गर्दा वडाका सिफाशिस अनिवार्य गर्ने<br>✓ स्नातक तह उतिर्ण गरि विवाह गर्नेलाई प्रोत्साहित गर्ने |

**उद्योग, पर्यटन, कृषि र रोजगारः**

यस नगरपालिकाक कुल क्षेत्रफलको ४० हजार पाच सय मध्ये कृषियोग्य जमिनको क्षेत्रफल ६ हजार आठ सय वीस हेक्टर रहेको छ जस मध्ये ३ हजार दुइ सय छ हेक्टर जमिनमाखेति गरिएको छ खेति गरियको मध्ये १ हजार सात सय अठहत्तर हेक्टर जमिनमा सिंचाई सुविधा रहेको छ .

यस नगरपालिकामा ३ महिनाभन्दा कम आफ्नै उत्पादनले खान पुग्ने परिवार २१.६५ प्रतिशत, ४ देखि ६ महिना खान पुग्ने परिवार २६.३६ प्रतिशत, ७ देखि ९ महिना खान पुग्ने परिवार १९.७६ प्रतिशत, १० देखि १२ महिना खान पुग्ने परिवार २४.१३ प्रतिशत रहेको छ भने आफ्नो खेतवारीबाट खान पुगेर बेचविखन गर्ने परिवार ५.१० प्रतिशत रहेको छ।

| क्र.सं | अहिलेको अवस्था | पाँच वर्षपछिको अवस्था | गर्नुपर्ने कार्यहरु |
|---|---|---|---|
| | **उद्योग** | | |
| १ | | कृषिमा आधारित उद्योगहरुको स्थापना हुनेछ,<br>✓ जडिवुटि प्रशोधन केन्द्र,<br>✓ सालको पातको टपरी उद्योग,<br>✓ आधुनिक डेरी उद्योग,<br>✓ मैनवत्ति अगरवत्ति उद्योग | ✓ औद्योगिक विकासको लागि विज्ञहरुबाट सम्भाव्यता अध्ययान गराउने,<br>✓ कच्चा पदार्थको उपलब्धता र वजारको आवश्यकताको आधारमा उद्योगहरु स्थापना गर्दै जाने, |
| | **पर्यटन** | | |
| १ | हालका पर्यटकिए स्थलहरु निम्न रहेका छन्<br>✓ पञ्चपुरी माई मन्दिर,<br>✓ जाजुरा दह,<br>✓ गुप्ति ताल,<br>✓ भेरी कर्णाली दोभान,<br>✓ शिवशक्तिधाम,<br>✓ कुण्डलिनी गुफा,<br>✓ हाँसेग गाँउ मन्दिर,<br>✓ शिवशक्तिधाम वडा ५ | पर्यटकिय स्थानहरुको पुन निमार्ण, संरक्षण र संम्वर्धन गर्ने र आवश्यक पुर्वाधारहरु निमार्ण गरी ५० प्रतिशतले पर्यटकहरुको वृद्धि गर्ने | ✓ पर्यटकिय स्थानहरुको पुन निमार्ण, संरक्षण र संम्वर्धन गर्ने, पुर्वाधारहरु निमार्ण,<br>✓ होटल व्यवसायी तथा होम स्टेको लागि तालिमको व्यवस्थापन गर्ने,<br>✓ पर्यटकिए स्थलहरुको प्रचार प्रसार गर्ने । |
| २ | भेरी कर्णाली दोभान स्थलमा सामान्य पुर्वाधार मात्र भएको | सम्भाव्य स्थल हुँदा पनि पुर्वाधारको विकास भई नसकेको हुँदा ती स्थलमा पर्यटकिए क्रियाकलापका लागि पुर्वाधार निमार्ण गरिने । | ✓ दृष्य अवलोकन, विश्राम स्थल, फुट टेल लगायतको विकास गर्ने,<br>✓ दक्ष जनशत्ति उत्पादनमा सहयोग गर्ने,<br>✓ योजना निमार्ण गरी संचालन गर्ने |
| | **कृषि** | | |
| १ | | पकेट क्षेत्रको पहिचान गरी आलु, अदुवा, वेसार, पिंडालु आदीको क्षेत्र विकास गर्ने | ✓ विज्ञहरुवाट संभाव्यता गराउने,<br>✓ सम्वन्धित क्षेत्रका व्यवसायि किसानहरुलाई सौलियत पुर्ण ऋण तथा अनुदान उपलब्ध गराउने । |
| २ | | धान पकेट क्षेत्र २, ३ ४, ५, ६, ८ र ९ | ✓ विज्ञहरुवाट संभाव्यता गराउने,<br>✓ सम्वन्धित क्षेत्रका व्यवसायि किसानहरुलाई सौलियत पुर्ण |

| | | | |
|---|---|---|---|
| | | | ऋण तथा अनुदान उपलब्ध गराउने। |
| ३ | | वदाम/तरवुजा ५, १०, ११ | ✓ विज्ञहरुवाट संभाव्यता गराउने,<br>✓ सम्वन्धित क्षेत्रका व्यवसायि किसानहरुलाई सौलियत पुर्ण ऋण तथा अनुदान उपलब्ध गराउने। |
| ४ | | कागति पकेट क्षेत्र १, ७, ८, ४, ६, २र९ | ✓ विज्ञहरुवाट संभाव्यता गराउने,<br>✓ सम्वन्धित क्षेत्रका व्यवसायि किसानहरुलाई सौलियत पुर्ण ऋण तथा अनुदान उपलब्ध गराउने। |
| ५ | | सुन्तला जुडिवुटि पकेट क्षेत्र १ र ७ | ✓ विज्ञहरुवाट संभाव्यता गराउने,<br>✓ सम्वन्धित क्षेत्रका व्यवसायि किसानहरुलाई सौलियत पुर्ण ऋण तथा अनुदान उपलब्ध गराउने। |
| ६ | | मौरी पालन | ✓ स्थान पहिचान गरी पकेट क्षेत्र घोषणा गरी क्षमता विकास गर्ने,<br>✓ ऋण, अनुदान जस्ता सहयोग कार्य संचालन गर्ने |
| ७ | | बाख्रा पालन | ✓ स्थान पहिचान गरी पकेट क्षेत्र घोषणा गरी क्षमता विकास गर्ने,<br>✓ ऋण, अनुदान जस्ता सहयोग कार्य संचालन गर्ने |
| | **पशुपंक्षी** | | |
| १ | दुग्ध उत्पादन पर्याप्त हुन नसकेको –प्रतिव्याक्ति ०.२ लि. मात्र उपलब्ध भएको। | दुध उत्पादनमा आत्म निर्भर हुने र दुधको खपत ०.५ लि पुर्याउने | ✓ गाइ भैसि पालनमा अनुदानको व्यवस्था गर्ने,<br>✓ पशुपालन सम्वन्धि तालिम संचालन गर्ने<br>✓ घाँस, वेर्ना उत्पादनमा सहयोग गर्ने,<br>✓ दान तथा घाँस काट्ने मेशिनहरुमा सहुलियत दिने |

| | | | |
|---|---|---|---|
| २ | मासु उत्पादनमा आत्म निर्भर भएको | माछा, मासु उत्पादन वृद्धि गरि आय आर्जनको श्रोतको रुपमा विकास गर्ने | ✓ कोल्ड स्टोर निमार्ण गर्ने,<br>✓ मासुजन्य सामग्रीको उत्पादन गर्न आवश्यक मेशिनहरुमा छुटको ब्यबस्था गर्ने,<br>✓ चरीचरण क्षेत्रको विकास गर्ने,<br>✓ वाख्रा पालनमा अनुदान दिने<br>✓ उन्नत जातको वाख्रा पालनमा किसानहरुलाई प्रोत्साहन गर्ने<br>✓ व्यवसायिक फर्महरुलाई अनुदान दिने |
| | **रोजगार** | | |
| १ | | वाइरिगं, पल्मविगं, डकर्मि, सिकर्मि, डाइभिङ्ग, ग्यारेज, सिलाईकटाई, वुनाई, व्यूटिपार्लर, कमप्यूटर, हेयर कटिगं | विभिन्न तालिमहरु संचालन गरी दक्ष जनशक्ति निमार्ण गर्ने |
| | **सुशासन तथा समावेशी शासन** | | |
| १ | | प्रत्यक्ष अनुगमान मार्फत वास्तविकातामा सुशासन तथा समावेशी साशनको अनुभुति गराउने | कार्यविधी, कार्ययोजना, रणनीतिक योजना, क्षतिपुर्ति सहितको नागरिक वडापत्र निमार्ण गर्ने |
| | **सुशासन** | | |
| १ | ३४ वटा कानुन हालसम्म निमार्ण भएको मध्ये हालसम्म २० वटा स्थानिय राजपत्रमा प्रकाशित भएको | स्थानिय तहको लागि आवश्यक पर्ने सम्पुर्ण कानुनहरुको निमार्ण भई कार्यान्वयनमा आईसकेको हुने | स्थानिय आवश्यकताका आधारमा विज्ञहरुको समूहबाट कानुनहरु तर्जुमा गरी प्रक्रिया पुर्याएर राजपत्रमा प्रकाशित गर्ने |
| २ | सांगठनिक संरचना तयार भई कार्यान्वयन भएको। | सांगगनिक संरचना पूर्ण गर्नको लागि आवश्यक निर्यण गरिने छ | ✓आवश्यक थप कानुनहरु निमार्ण गर्ने<br>✓क्षेत्रहरुको पहिचान गरि आवश्यकता निर्धारण गरिने छ<br>✓प्रशासन सेवाका कर्मचारीहरुको दरवन्दी मिलान गर्ने |

**पुर्वाधारः सडक, विद्युत, खानेपानी, आवस तथा शहरी विकास**

यस नगरपिलका अन्तरगत सुचारू रहेका तथा हाल निमाणधिन रहेका सडकहरू मध्ये सहायक राजमाग ४० किमि, पक्कि तथा कालेपत्रे सडक १० किमि, ग्राबल सडक ४० किमि मैसमि सडक ४५०किमि आगामी ५ बर्ष भित्रमा स्तरोन्नति, कालोपत्रे गरि सबै समय संचालन हुने अवस्था निर्माण गरिने छ

| क्र.सं | अहिलेको अवस्था | पाँच वर्षपछिको अवस्था | गर्नुपर्ने कार्यहरु |
|---|---|---|---|
| | **सडक** | | |
| १ | हरेक वडा कार्यालयसम्म कच्चि सडक पुगेको | हरेक वडामा कालोपत्र सडक संजालको विकास भएको हुनेछ। | ✓ सडक स्तरोन्नतरी गरी सवै वडा कार्यालयसम्म जोड्ने सडक कालोपत्रे हुने।<br>✓ सडक निमार्ण गर्दा स्थानिय आवश्यकताको आधारमा संघिय र प्रादेशिक सरकारसँग समन्वय गरी सडक सञ्जाललाई विस्तार गर्ने |
| २ | यस नगरक्षेत्रका हरेक टोल तथा उत्पादन क्षेत्रमा कच्चि सडकको विस्तार भएको | सवै सडकहरुको आवश्यकताका आधारमा स्तरउन्नती गर्ने | आवश्यक समन्वय गरी श्रोतको सुनिश्चितता गर्ने |
| ३ | आवश्यकता अनुसार झेलुगं पुल नभएको | यस नगरपालिका भित्र पर्ने वर्षे खोलामा झोलुगें वा ट्रस पुलको निमार्ण गर्ने | आवश्यक समन्वय गरी श्रोतको सुनिश्चितता गर्ने |
| ४ | पर्यटकिय स्थानहरुमा अधिकासं ठाँउमा कच्चि सडक निमार्णाधिन अवस्थामा रहेको | सवै ठाँउमा प्राथमिकताको आधारमा सडकको स्तरउन्नती भएको हुनेछ। | आवश्यक समन्वय गरी श्रोतको सुनिश्चितता गर्ने |
| | **खानेपानी** | | |
| १ | कतिपय वस्तीहरुमा खानेपानीको व्यवस्था नभएको | सम्पुर्ण वस्तीहरुमा खानेपानी प्रयाप्त मात्रामा पुगेको हुनेछ। | खानेपानीको पहुँच नभएको वस्तीहरुमा श्रोतको पहिचान गरी आवश्यक प्रविधिको प्रयोग गरी हरेक घरमा खानेपानीको निमार्ण गर्ने |
| २ | खानेपानीको गुणस्तर परिक्षण गर्ने अवस्था नरहेको | स्वाच्छता तथा गुणस्तरिय खानेपानीको पहच हुने | खानेपानीको गुणस्तर परिक्षणगर्ने स्थानिय स्तरमा दक्ष जनशक्ति तथा मेसिन हुने। |
| ३ | घरभरमा खानेपानी उपलब्ध नभएको | एक घर एक धारा हुनेछ। | संघ तथा प्रदेशमा समन्वय गरी एक घर एक धारा निमार्ण गरिने |

| | **शहरी विकास** | | |
|---|---|---|---|
| १ | व्यवस्थित र योजनावद्ध सहरीकरण नभएको, | वावियाचौर, पलौटे, विद्यापुर, वजारक्षेत्रको अध्ययन गरी प्रविधि यूक्त शहर (स्मार्ट सिटि) को रुपमा विकास गर्ने | संभ्याव्यता अध्ययन गरी श्रोतको परिचालन गरी पुर्वाधार तयार गर्ने |
| २ | भवन निमार्ण मापदण्ड अनुसारका निमार्ण कार्य नभएको | भवन निमार्ण मापदण्ड अनुसार घर तथा भवनहरु निमार्ण हुने । | ✓भवन निमार्ण मापदण्ड तथा आचार संहित निमार्ण गर्ने,<br>✓नगरपालिकाले मापदण्ड अनिवार्य लागु गर्ने |
| ३ | प्रयाप्त मात्रमा पार्क र खेल मैदान नभएको | यस नगरपालिका भित्रका सवै वडामा पार्क तथा खेल मैदान निमार्ण हुनेछ । | स्कुल तथा सम्भाव्य क्षेत्रहरुको पहिचान गरी वजेट शुनिश्चीतता गर्ने |

**विद्युत**

| क्र.सं | अहिलेको अवस्था | पाँच वर्षपछिको अवस्था | गर्नुपर्ने कार्यहरु |
|---|---|---|---|
| १ | हाल विद्युतिकरण ३० प्रतिशत घरधुरीमा रहेको | नगरपालिकाको सम्पुर्ण घरधुरीमा विद्युतलाइन पुगेको हुनेछ । | ✓ राष्टिय ग्रिड लाइन विस्तारको पहल गर्ने<br>✓ आवश्यकता हेरी माइक्रोहाइड्रो निमार्णको लागि अध्ययन गर्ने |
| २ | स्थानिय स्तरमा लधुजलविद्युतहरु रहेको | स्थानिय स्तरमा रहेका लघुजलविद्युतहरुलाई राष्टिय प्रशासण लाईनमा जोडिने तथा वैकल्पीक आयोजना निरन्तरतालाई दिने | ✓ संघिय सरकारसँग समन्वय गर्ने<br>✓ वैकल्पिक उर्जा आयोजना निरन्तरताको नीति वनाउने |

**सिंचाई**

| क्र.सं | अहिलेको अवस्था | पाँच वर्षपछिको अवस्था | गर्नुपर्ने कार्यहरु |
|---|---|---|---|
| १ | सवै कृषि योग्य जमिनमा सिचाई सुविधा उपलब्ध नभएको,<br>भएका स्थानमा समेत कच्चि सिंचाई कुलो रहेको | ✓सवै कृषि योग्य जमिनमा स्तरउन्नति गरि पक्कि कुलो निमार्ण गर्ने,<br>✓सिंचाई पानी उपलब्ध नभएको ठाँउमा लिफ्ट प्रविधि प्रयोग गरि सिंचाई उपलब्ध गराउने । | ✓ संभ्यावयता अध्ययन गर्ने,<br>✓ स्थानिय स्तरमा सिंचाई कुलो निमार्ण उपभोक्ता समिति तयार गरी परिचालन गर्ने,<br>✓ साधन श्रोतको उपलब्धताको सुनिश्चितता गर्ने |

## परिच्छेदः चार

## पञ्चपुरी नगरपालिकाको क्षेत्रगतरूपमा SWOT विश्लेषण

यस पञ्चपुरी नगरपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषिमा आधारित रहेको छ भने, साना व्यापार, सेवामूलक व्यवसाय, नोकरी, निर्माण, खुद्रा बजारमा निर्भर रहेको छ। उपयुक्त हावापानी, माटोको बनोट तथा समतल समेत भएकाको साथै यस नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको क्षेत्र हुँदा नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा संलग्न रहेका छन। प्रसस्त मात्रमा बन जंगलको क्षेत्र भयकोले पशुपालनको राम्रो सम्भावना रहेको छ . यस परिवेशमा आधुनिक प्रविधिको कृषि तथा पशुपालनलाई बढि जोड दिनुपर्दछ। नगरपालिकामा रहेका ताल, गुफा सहितको जैविक विविधताले नगरपालिकाको विकासमा थप सम्भावना बोकेको छ। कुखुरापालन, पशुपालन, बाख्रा पालन आदि यस नगरपालिकामा रहेका केही साना व्यवसायहरू हुन्।

कृषि खेतीलाई नै बढि जोड दिनु पर्ने देखिन्छ। नगरपालिकामा रहेका नदि बनजंगल, सहितको पर्यटन क्षेत्र तथा जैविक विविधता नगरपालिकाको आर्थिक सम्वृद्धिको आधार बन्न सक्दछन्। आर्थिक विकास संभावनाका क्षेत्रहरू प्रचुर भएपनि परम्परागत र निर्वाहमुखी खेती प्रणाली, व्यवसायिक ज्ञान तथा प्रविधि सम्बन्धी सूचनाको कमी, उन्नत मल विउको न्युन उपलव्धता, कर्जामा कम पहुँच, वजारोन्मुख खेती प्रणाली नहुनु मुख्य चुनौतीको रूपमा रहेको छ

यस नगरपालिकाको कृषि, वन तथा पशु क्षेत्र, पर्यटन क्षेत्रको विकास र विस्तारको प्रचुर सम्भावना भएकोले कृषि तथा वनमा आधारित साना उद्यम, पर्यटन क्षेत्रको विकास, सहकारी, बैंक तथा वित्तिय सेवा सुविधा लगागत स्थानीय तहको लागि उपलब्ध आर्थिक अधिकार क्षेत्रको संभावना, समस्या तथा विकासका लागि क्षेत्रगतरूपमा नै **SWOT** विश्लेषण गरिएको छ।

| **बिषयगत क्षेत्र : शिक्षा** | |
|---|---|
| **सबल पक्ष** | **सुधार गर्नु पर्ने पक्ष (कमजोर पक्ष)** |
| ➢ पालिकाबाट स्वयंसेवक शिक्षकको व्यवस्था,<br>➢ सम्पुर्ण विद्यालयमा भौतिक पुर्वाधारको पँहुच,<br>➢ प्रविधिमैत्रि विद्यालयको व्यवस्थापन,<br>➢ विभिन्न तालिम तथा प्रविधिकरण कार्यक्रम संचालन,<br>➢ साक्षरता प्रतिशतमा वृद्धि, निरक्षरतामा कमि,<br>➢ प्राविधिक विषयका विद्यालय/क्यामपस संचालन, | ➢ विद्यार्थी संख्या शिक्षक विद्यार्थि अनुपात नहुनु, आवश्यकताको आधारमा दरवन्दी वितरण गर्न नसक्नु, शिक्षाको गुणस्तर कमजोर हुनु,<br>➢ जिर्ण भौतिक पुर्वाधार /अधुरा संरचनाहरु अपागं मैत्रि नहुने,<br>➢ सम्पुर्ण विद्यालयमा पहुँच विस्तार गर्न नसक्नु,<br>➢ सम्पुर्ण शिक्षकहरुले तालिम प्राप्त गर्ने अवसर नपाउनु<br>➢ विद्यालय छोड्ने दर घट्न नसक्नु साथै वाल विवाह दर घट्न नसक्नु,<br>➢ सम्पुर्ण इच्छुक विद्यार्थीहरुको पहुँच हुन नसक्नु |
| **अवसरः** | **चुनौतिः** |

| | |
|---|---|
| ➢ दरवन्दीको सृजना,<br>➢ संघप्रदेश र स्थानिय निकाय विच समन्वयमा कार्य संचालन,<br>➢ विभिन्न मापदण्ड अनुरुप तालिमद्धारा प्रशिक्षक उत्पादन,<br>➢ विभिन्न कार्यविधि, ऐन, नियमावली निमार्ण ,<br>➢ शिक्षामा लगानी धैरै क्षेत्रवाट हुनु,<br>➢ विभिन्न शिक्षासंग सम्बन्धि संघ संगठन निमार्ण हुनुले समन्वयमा सहजता,<br>➢ प्रबिधिक विद्यालयबाट आवश्यक जनशक्ति उत्पादन हुने सम्भावना वढेर गएको, | ➢ विद्यालयका आवश्यकता अनुसार दरवन्दी सृजना गर्नु, मिलान गर्नु,<br>➢ पुर्ण रुपमा समन्वय र अधिकार प्रत्यायोजन हुनु,<br>➢ सम्पुर्ण शिक्षकलाई पुर्नताजगी तालिम प्रदान गर्नु,<br>➢ ऐन, नियमावलीलाई कार्यान्वयनमा ल्याउनु,<br>➢ शिक्षाका योजना समन्वय विना महत्वकाक्षी हुँदा योजना लागु गर्न र चुष्त दुरुस्त अनुगमन गर्न /गराउन नसक्नु,<br>➢ विद्यालय भित्र हुने राजनीतिकरणलाई न्यूनिकरण गर्न नसक्नु, |

## २. अयुर्वेद स्वास्थ्य

| बिषयगत क्षेत्र : अयुर्वेद स्वास्थ्य | |
|---|---|
| **सबल पक्ष** | **सुधार गर्नु पर्ने पक्ष (कमजोर पक्ष)** |
| ➢ आयुरवेद औषधालयको नाममा जग्गा दर्ता एवं आफ्नै भवनमा संचालित रहेको ।<br>➢ जडिवुटीको श्रोत अधिक मात्रामा रहेको<br>➢ दरवन्दी अनुसारको कर्मचारीको तलब व्यवस्था संघिय सरकारबाट भएको<br>➢ पक्की बाटोसित अस्पताल जोडिएको । | ➢ भवन मर्मत गर्नु पर्ने<br>➢ कर्मचारी व्यवस्थापन गर्नु पर्ने<br>➢ आधुनिक तरिकाले सेवालाई संचालन गर्नु पर्ने |
| **अवसर** | **चुनौति** |
| ➢ जडिवुटीको खेतीबाट आम्दानी वढाउनु पर्ने | ➢ प्रत्येक वडामा सेवा प्रभाह गर्न दरबन्दी अनुसारको कर्मचारीबाट चुनौतिको रुपमा देखिएको छ । |

## ३. महिला विकास तथा समावेशिकरण

| बिषयगत क्षेत्र : महिला विकास तथा समावेशिकरण | |
|---|---|
| **सबल पक्ष** | **सुधार गर्नु पर्ने पक्ष (कमजोर पक्ष)** |
| ➢ महिलाको प्रतिनिधित्व ३३ प्रतिशित अनिवार्य भएको,<br>➢ वालमैत्री र अपागंमैत्री भौतिक संरचना बनाउनु पर्ने नियम बनाएको, | ➢ महिलाको सहभागिता अर्थपूर्ण नभएको,<br>➢ बनिसकेका भौतिक संरचनामा बालमैत्री र अपाङ्ग मैत्रि वनाउन नसकिएको,<br>➢ बाल विवाह घट्नुको सट्टा वढेको, |

| | |
|---|---|
| ➢ बालविवाहको अन्त्य गर्न कानुनमा नै उललेख भएको,<br>➢ लैगिंक हिंसा निवारणका लागि नीति निर्माण भएको, | ➢ लैगिंक हिंसा र विभेदका घटना बाहिर आउन नसकेको,<br>➢ महिला समूह तथा समितिहरूमा सबै महिला आवद्ध नहुनु,<br>➢ महिलाहरूमा व्यवसायिक सीप तथा तालिम, नेतृत्वको अभाव, विशेष शिक्षा प्रणालीको कमी हुनु, |
| **अवसर** | **चुनौति** |
| ➢ अवसर बालसंरक्षण कार्यविधी र बालसंरक्षण कोषको व्यवस्था भएको ।<br>➢ लैगिंक हिंसा निवारण कार्यविधि र लैगिंक हिंसा निवारण कोष भएको । | ➢ टुहुरा र असहाय बालबालीकालाई सहयोग र पुर्नस्थापना गर्न नसकिएको,<br>➢ हिंसा पिडित महिलालाई पुर्नस्थापना गर्न नसकिएको,<br>➢ बिधमान कानुनमा भएको वा राज्यबाट दिएको सुबिधाको महिलहरुबाट प्रयोग गर्न नसकेको,<br>➢ लक्षित समुदायको खण्डिकृत तथ्यांक अद्यावधिक नहुनु, |

४ . **विद्युत्**

| **बिषयगत क्षेत्र : विद्युत्** | |
|---|---|
| **सबल पक्ष:** | **सुधार गर्नु पर्ने पक्ष (कमजोर पक्ष):** |
| ➢ आवश्यकता अनुरुप प्रयोग गर्न पाउने<br>➢ विभिन्न उद्योग तथा कलकारखाना सञ्चालन गर्न सकिने<br>➢ रोजगारीको सृजना<br>➢ Microhydro हरुको संचालन | ➢ सवैको पहुँचमा नभएको<br>➢ मर्मत तथा विस्तारको लागि आवश्यक जनशक्तिको कमी<br>➢ विस्तारको लागि नितिको अवभाव<br>➢ वन तथा वातावरणीय प्रभावको मापन नभएको |
| **अवसर:** | **चुनौति:** |
| ➢ विस्तारको लागि संघ प्रदेशसँगको समन्वय<br>➢ जनशक्ति तथा नियमिति सेवा संचालनको लागि आवश्यक परामर्श<br>➢ प्रयाप्तता नभएको अवस्थामा Microhydro संचलन गर्ने<br>➢ जिल्ला प्रदेशबाट लाइन विस्तारको लागि आवश्यक सहयोग | ➢ सरकारको दोहोरो नीति अस्पष्ट निति<br>➢ सरकार मातहातका निकायहरुको समन्वयात्मक कमी<br>➢ सरकारको प्राथमिकरणमा नपर्नु<br>➢ वजेट जिनियोजनमा कमी |

**५. सडक**

| बिषयगत क्षेत्र : सडक | |
|---|---|
| **सबल पक्ष:** | **सुधार गर्नु पर्ने पक्ष (कमजोर पक्ष):** |
| ➢ नगरपालिकाबाट सम्पुर्ण वडामा पहुँचको हिसाबले सवल,<br>➢ विकासका पुर्वाधारहरु शिक्ष, स्वास्थ्य, विद्युत तथा सञ्चारको विस्तार र उपयोग,<br>➢ पर्यटन र आर्थिक क्रियाकलापमा सकारात्मक प्रभाव,<br>➢ कृषि तथा औधोकिकरण विकासमा सहयोग, | ➢ वातावरणमा नकरात्मक प्रभाव (पर्याप्त मूल्याक्ंकनको अभावमा),<br>➢ कृषियोग्य भूमिको प्रयोग,<br>➢ कठिन भु–वनोटको कारणले दुर्घटनाको जोखिम, |
| **अवसर:** | **चुनौति:** |
| ➢ पहुचमार्गको कारणले जनताको सहज आवतजातवत गर्र्न सकिने ।<br>➢ शिक्षा तथा स्वास्वाथको लागि स्वास्थ्यकर्मि र कर्मचारकिो सहज निरिक्षण तथा सेवा प्रवाह<br>➢ आर्थिक क्रियाकलाप अन्रतगत टाढाको वस्तीका जनतको केन्द्रसम्म व्यापार सहजिकरण<br>➢ नजिक रहेका कर्णाली राजमार्ग र महेन्द्र राजमार्गसंगको सहज पहुँच । | ➢ पर्याप्त दक्ष जनशक्तिको अभाव<br>➢ पर्याप्त आवश्यक उपकरणको र आवश्यक Ashphalt Plant र क्रसरको उपलब्धता छैन । |

**६. शहरी विकास तथा आवस:**

| बिषयगत क्षेत्र : शहरी विकास तथा आवस | |
|---|---|
| **सबल पक्ष:** | **सुधार गर्नु पर्ने पक्ष (कमजोर पक्ष):** |
| ➢ भवन संहिताको मापदण्ड निमार्ण,<br>➢ भूकम्प प्रतिरोधि भवनहरुको निमार्णको थालनी,<br>➢ भौगोलिक रुपमा अनुकुल,<br>➢ निमार्ण सामग्रीको सहज उपलब्धता,<br>➢ भूउपयोग नीति, | ➢ मापदण्ड कार्यान्वयनमा पर्याप्त जनशक्तिको अभाव,<br>➢ प्रर्याप्त ज्ञान र सिपको अभाव,<br>➢ कृर्षियोग्य जमिनको खण्डिकरण, |
| **अवसर:** | **चुनौति:** |
| ➢ भूकम्प प्रतिरोधी भवनको निमार्ण हुँदा सुरक्षित आववासको सुरुवात,<br>➢ भुउपयोग नीतिको सकारात्मक कार्यान्वयनको अवसर, | ➢ च्ःऋ एबिलत जस्ता छिटो छरितो भवन निमार्ण लागि सहज उद्योगहरु नभएको,<br>➢ भू उपयोग नीति सकारात्मक कार्यान्वयनको लागि स्थानीय स्तरमा दक्ष जनशक्तिको कमी, |

| | |
|---|---|
| ➢ सुन्दर, सुरक्षित र आवश्यक अनुरुपको वस्तिको निमार्ण,<br>➢ दिगो विकाशको लषय अनुरुपको शहरिकरणको निमार्ण, | |

**७. पर्यटन**

| बिषयगत क्षेत्र : पर्यटन | |
|---|---|
| **सबल पक्ष:** | **सुधार गर्नु पर्ने पक्ष (कमजोर पक्ष):** |
| ➢ पर्यटन पञ्चपुरी नगरपालिका अन्तर्गत ताल, मन्दिर गुफ, दोभान प्राकृतिक रमणिय स्थल भएको,<br>➢ उद्याग औधोगितक ग्राम भवन निमार्ण भएको तथा औद्योगिक क्षेत्रलाई अग्रसर गराउन खोजेको, | ➢ व्यवस्थापन तथा संरक्षण गर्नका लागि नीति नियमको व्यवस्थापन भएको,<br>➢ व्यवस्थापन तथा आर्थिक समस्या दक्ष जनशक्तिको समस्या, |
| **अवसर:** | **चुनौति:** |
| ➢ केन्द्र तथा प्रदेश र स्थानिय तहबाट कार्यक्रम व्यवस्थापन गर्न आर्थि सहयोगबाट गनृ सकिने,<br>➢ स्थानिय श्रोत तथा साधन वाँस, निगालो, अल्लो आदि स्थानिय कच्चा पदार्थ भएको, | ➢ स्थानिय तहले समन्वय तथा पहल नगरेको,<br>➢ आर्थिक समस्या, दक्ष जनशक्तिमा कमी वजारीहरणको अभाव, |

**८. कृषि**

| बिषयगत क्षेत्र : कृषि | |
|---|---|
| **सबल पक्ष:** | **सुधार गर्नु पर्ने पक्ष (कमजोर पक्ष):** |
| ➢ संघीय, प्रदेश तथा स्थानीय सरकारको नीति तथा योजनामा कृषी क्षेत्रलाई प्राथमिकतामा राखेको,<br>➢ कृषि प्रयाप्त मात्रामा उत्पादन गर्न सकिने उर्वर भुमि भएको,<br>➢ शिक्षित युवा पुस्ता ब्यबसायिक कृषी पेशा प्रति आकर्षित भयको | ➢ पुरै उर्वर भूमिका सिंचाइ सुविधा पुर्याउन नसकिएको,<br>➢ प्रयाप्त भाडामा मलखाद, वीउ विजन, विषादी, दक्ष जनशक्तिको अभाव,<br>➢ उत्पादित वस्तुको वजारीकरणको अभाव<br>➢ निर्वाहमुखी खेती प्रणाली<br>➢ लागत साझेदारीमा कार्यक्रम संचालन केही भाडामा मात्र भएको। |
| **अवसर:** | **चुनौति:** |

| | |
|---|---|
| ➢ उत्पादनका सामाग्री जुटाएर उत्पादन गर्न सकिने,<br>➢ सरकारी, गैह सरकारी र नीजि क्षेत्राट कृषिलाई प्राथमिकताका साथ अगाडी वढाइएकोमा सहयोग पुगेके,<br>➢ आधुनिक कृषी ब्यबसायको लागि प्रबिधि र लगानी सहज रुपमा उपलब्ध हुन सक्ने<br>➢ उत्पादित कृषी बस्तुहरुको स्थानीय तथा बाहय बजारमा माग बढ्‌दो रहेको | ➢ स्थानिय सरकार, प्रदेश सरकार र केन्द्र सरकोको एउटै कार्यक्रम नभएको<br>➢ जनशक्तिको अभाव भएको<br>➢ आफ्नो व्यवसाय प्रति जवाफदेही नभएको<br>➢ व्यवसायिक रुपमा उत्पादन नगर्ने भएको<br>➢ मिनि कोल्ड स्टोर नभएको –तरकारी, फलपुल गेडागुडी |

## ९. पशु विकास

| **बिषयगत क्षेत्र : पशु विकास** | |
|---|---|
| **सबल पक्ष:** | **सुधार गर्नु पर्ने पक्ष (कमजोर पक्ष):** |
| ➢ गाई भैसी पालन गरि डेरी संचालन गरीएको चिस्यान केन्द्रको आवश्यक मेशिनरी सामान भएको<br>➢ अण्डा उत्पादनको लागि बजारको व्यवस्था भएको र दाना बनाउन कच्चा पदार्थ पनि उपलब्ध हुने<br>➢ नगरपालिकामा साना साना पोखरी भएको र माछा पालन कार्य भैरहेको।<br>➢ प्रयाप्त मात्रामा दुध उपलब्ध भएको र बजारको सम्भाव्यता पनि भएको | ➢ डेरी संचालन भएता पनी दुध संकलन गर्नमा विद्युतको आवश्यक क्षमता नपुगेको कारण संकलन गर्न समस्या<br>➢ दाना बनाउन कच्चा पदार्थ उपलब्ध भए पनि कच्चा पदार्थको मल्य नै महंगो परेको<br>➢ माछाको भुरा खरिद गर्न माछाको मुल्य भन्दा ढुवानी वढि लाग्ने छ।<br>➢ दुग्ध जन्य पदार्थ संकलन गर्न फ्रिज तथा चिस्यान केन्द्रको लागि आवश्यक विद्युत क्षमता नभएको |
| **अवसर:** | **चुनौति:** |
| ➢ छिटो भन्दा छिटो राष्टियलार्य जडान गरिनु पर्ने<br>➢ दाना बनाउने मेसिन खरिद गरी सोहि फर्मले नै उत्पादन गर्नु पर्ने<br>➢ नगरपालिकाका विभिन्न वडामा पर्याप्त पानी भएको कारण माछा नर्सरी स्थापना गर्न सहज पर्ने<br>➢ खपत हुने बजार भएको | ➢ राष्टिय नीति वाझिएको<br>➢ उत्पादन लिन लामो समय लाग्ने भएको र लागत वढ गर्नु पर्ने भएकोले सानो पुँजीले व्यवस्थापन गर्न नसकिने<br>➢ नर्सर स्थापनाको लागि आवश्यक विज्ञ र तालिम पर्याप्त कृषक नभएको।<br>➢ दुग्ध जन्य पदार्थबाट बन्ने परिकारको तालिम नलिउको। |

## १०. उद्योग तथा व्यापार

| बिषयगत क्षेत्र : उद्योग तथा व्यापार | |
|---|---|
| **सबल पक्ष** | **सुधार गर्नु पर्ने पक्ष (कमजोर पक्ष)** |
| ➢ औधोगिक ग्राम स्थापना भई निमार्ण भईरहेको<br>➢ वन जन्य उद्योगका लागि काठ, दाउरा लगायतका कच्चा सामाग्री प्रयाप्त मात्रामा उपलब्ध<br>➢ निमार्ण सम्वन्धि उद्योगको लागि निमार्ण समाग्री (ढुगां, गिटि, वालुवा) प्रयाप्त मात्रामा उपलब्ध<br>➢ श्रम शत्ति (दक्ष, अर्धदक्ष) प्रयाप्त मात्रामा उपलब्ध<br>➢ वढ्दो शहरीकरण | ➢ औधोगिक ग्राममा प्रयाप्त पुर्वाधार विकास भइनसकेको,<br>➢ उद्योगहरुका लागि आवश्यक पर्ने उच्च क्षमताको विद्युत लाईन जडान नभएको,<br>➢ स्थानिय प्राकृतिक श्रोतको उपयोगको लागि स्थानिय सरकारद्धारा स्पष्ट नीति निमार्ण भई नसकेको<br>➢ प्रयाप्त मात्रमा दक्ष जनशत्ति नभएको |
| **अवसर** | **चुनौति** |
| ➢ जडिवुटी प्रशोधन उद्योग स्थापना गर्न सकिने,<br>➢ साना तथा मझौला उद्योग स्थापना गर्न सकिने,<br>➢ विद्यापुर, वावीयाचौर, पलैटे वजारलाई वजारीकरण गर्न सकिने,<br>➢ उत्पादित सामाग्रीहरुको आन्तरिक तथा वाह्य वजारमा माग वढ्दो | ➢ प्राप्त वजेटका कारण भौतिक पुर्वाधार निमार्ण गर्न र उद्योग स्थापना गर्न चुनौती भएको।<br>➢ उद्योग संचालनको लागि वाह्य लगानी आर्कषित गर्न नसकिएको।<br>➢ मझौला तथा ठुला उद्योगहरुको लागि आवश्यक पुर्वाधारहरु सडक, विद्युत, दक्ष जनशत्ति तथा वजारको सहज उपलब्ध नभएको। |

## ११. सुशासन

| बिषयगत क्षेत्र : सुशासन | |
|---|---|
| **सबल पक्ष** | **सुधार गर्नु पर्ने पक्ष (कमजोर पक्ष)** |
| ➢ नगरकार्यपालिकामा प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरुको लागि आचार संहित निमार्ण भई कार्यान्वयनमा रहेका,<br>➢ नगरकार्यपालिका अन्तर्गत सुशासन तथा अनुगमन समिति कार्यरत रहेको,<br>➢ विकास निमार्ण योजनका काम प्राविधिक डिजाइन र लागत अनुमान भए पश्चात मात्र निमार्ण सम्झौता हुने व्यवस्था रहेको,<br>➢ समावेशी सिधान्तलाई आत्मसाथ गरी विकास योजनाहरुमा समिति निमार्ण गर्ने गरिएको, | ➢ बिकाश निर्माण योजनको काम गर्दा प्राविधिक जनशक्तिको कमि भएको,<br>➢ पंचपुरी न.पामा रोजगारीको अबशर सिर्जना गर्नको लागि वजेटको अभाव,<br>➢ समावेशी र समानुपातिक सिद्धान्त अवलम्वन गर्दा दक्ष जनशक्तिहरु छुट्ने अवस्था रहेको,<br>➢ सुशासन सम्वन्धि आवश्यक नीति तथा कानुन तर्जुमा हुन नसक्नु,<br>➢ नगर विकासके लागि आवधिक योजना / गुरु योजना नहुनु, |

| अवसर | चुनौति |
|---|---|
| ➢ नगर प्रहरी राखी रोजगारीको सृजना गर्ने<br>➢ प्रदेश तथा संघिय सरकारबाट वजेट आएको<br>➢ नगरभित्र सृजना भएका रोजगारीको समावेशी वितरण<br>➢ नगरभित्र रहेको श्रोत साधन प्रयोगको नीति तर्जुमा गरि परिचालन गरिने ।<br>➢ सार्वजनिक सेवा प्रवाह हुने सरकारी कार्यालयहरुमा अनिवार्य रुपमा नागरिक वडापत्र वनाई राख्न लगाउने । | ➢ नगरमा काम गर्ने दक्ष जनशत्ति नहुनु,<br>➢ कर्मचारीले पुर्णरुपमा आचार संहिताको पालना नगर्नु,<br>➢ जनताको वढ्दो अपेक्षाको सिमित श्रोत र साधनका कारण सम्वोधन गर्न नसक्नु,<br>➢ जवाफदेहीता जिम्मेवारीवोध र सेवाग्राहीमैत्री व्यवहार प्रस्तुत गर्न नसक्नु,<br>➢ अन्तरसरकार, समन्वय, शासन सञ्चालन र रेवा प्रवाह सम्वन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा भई नसक्नु । |

## १२. रोजगार

| बिषयगत क्षेत्र : रोजगार | |
|---|---|
| **सबल पक्ष** | **सुधार गर्नु पर्ने पक्ष (कमजोर पक्ष)** |
| ➢ मुख्य मन्त्री रोजगार कार्यक्रम सञ्चालन,<br>➢ प्रधानमन्त्री स्वरोजगार कार्यक्रम संचालन,<br>➢ सिप विकास तालिम (सिलाई, कटाई, कम्प्युटर, डाइभिगं, सिकर्मी, डकर्मी, वाइरिगं) सञ्चालन गरेको,<br>➢ प्रयाप्त मात्रामा धार्मिक तथा पर्यटकिए स्थलहरु रहेको,<br>➢ प्राविधिक जनशत्ति उत्पादनको लागि प्राविधिक शिक्षालयहरु (कृषि तथा पशुविज्ञान) रहेको, | ➢ उद्योग कलकारखानको स्थापना गर्न नसक्नु<br>➢ सिमिति व्याक्तिलाई मात्र तालिमको अवसर उपलब्ध हुनु,<br>➢ मुख्यमन्त्री तथा प्रधानमन्त्री रोजगार कार्यक्रममा सवैलाई समावेश गर्न नसक्नु,<br>➢ पर्यटन व्यवसायको प्रर्वद्धन गरी रोजगारी श्रृजना गर्न नसकेको,<br>➢ युवा स्वारोजगार कार्यक्रम प्रयाप्त मात्रामा संचालन गर्न नसकेको, |
| **अवसर** | **चुनौति** |
| ➢ सिप भएमा जनशत्तिलाई छिमेकी पालिकिा लगायत अन्य क्षेत्रमा रोजगारको अवसर,<br>➢ लोक सेवा आयोगको तथा स्थानीय तहमा विज्ञापन नियमित हुनु,<br>➢ विभिन्न संघ संस्था तथा वितिय निकाय, निगमहरु लगायत विभिन्न क्षेत्रमा कर्मचारी माग हुनु । | ➢ दक्ष जनशत्ति उत्पादनका लागि प्राविधिक शिक्षालय प्रयाप्त नहुन<br>➢ व्यवसायिक तालिमको लागि उच्च स्तरका संस्थाहरु उपलब्ध नहुनु<br>➢ उद्योग, व्यापार व्यवसायको लागि वाह्य लगानी हुन नसक्नु<br>➢ सरकारी नीजि क्षेत्रको प्रभावकारी समन्वय हुन नसक्नु |

# परिच्छेद पाँच

## दीर्घकालीन सोच, उद्देश्य तथा रणनीतिहरू

परिच्छेद तीनमा गरिएको वर्तमान अवस्थाको विश्लेषण र अपेक्षित अवस्थाको आँकलन तथा परिच्छेद चारमा गरिएको SWOT विश्लेषणका आधारमा यस परिच्छेदमा पञ्चपरी नगरपालिकाको आगामी पाँच वर्षका लागि तयार गरिएको यस आवधिक योजनाको दीर्घकालीन सोच, आवधिक लक्ष्य तथा उद्देश्य र क्षेत्रगत लक्ष्य तथा उद्देश्य र रणनीतिहरू समावेश गरिएको छ।

यस आवधिक योजनाका सोच, लक्ष्य र उद्देश्यहरू आवधिक योजना तर्जुमाका लागि सञ्चालन गरिएका कार्यशाला गोष्ठीमा सहभागीहरू हुनुभएका नगरकार्यपालिका तथा नगरसभाका सदस्यहरू, राजनितिक दलका प्रतिनिधिहरू, विभिन्न समूह र समुदायका प्रतिनिधिहरू, स्थानीय बुद्धिजीविहरू तथा विभिन्न वर्ग, पेशागत समूह तथा समुदायका प्रतिनिधिहरूका बीच भएको वृहत सहभागिता रहेको अन्तरक्रिया कार्यक्रममा व्यक्त विचारहरूलाई नै ध्यानमा राखी तर्जुमा गरिएको छ । उक्त कार्यक्रममा पञ्चपुरी नगरपालिकाका विकासका आवश्यकता र सम्भावनाहरूको विशलेषण, अग्रणी क्षेत्रहरूको पहिचान र नगरबासीको मागलाई मध्यनजर गर्दै नगरको दीर्घकालीन सोंच तयार गरिएको छ।

### दीर्घकालीन सोच (Vision)

पञ्चपुरी नगरपालिकाको कृषि पुर्वाधार र स्थानीय तहमा नै सिर्जना गर्न सकिने रोजगारीका अवसरहरूले ,पर्यटन , पञ्चपुरी नगरपालिकालाई सुन्दर र समुन्नत नगरका रूपमा विकास गर्न सकिन्छ भन्ने दृष्टिकोणले यस नगरको आवधिक योजनाको दीर्घकालीन सोच **"पूर्वाधार, कृषि र पर्यटनको आधार गुणस्तरीय शिक्षा, स्वास्थ्य सहितको सुन्दर र समृद्ध पञ्चपुरी नगर"** निर्धारण गरिएको छ।

### नगर विकासको उद्देश्य (Objective)

आगामी पाँच वर्षमा पञ्चपुरी नगरपालिकाको उद्देश्य कृषि, पर्यटन, पुर्वाधार,गुणस्तरीय शिक्षा र स्वस्थ्यसहितको सुशासन एवं स्थानीय स्तरमै रोजगारीका अवसर सिर्जना भई सुन्दर र समृद्ध पञ्चपुरीनगर विकासको आधार आधार निर्माण गर्नु हो।

### नगरविकासका नीतिगत प्रभावहरू (Policy Impacts of Periodic Plan of Panchapuri Municipality)

पञ्चपुरी नगरपालिकाको आवधिक योजना कार्यान्वयन पश्चात निम्न क्षेत्रमा नीतिगत प्रभाव पर्नेछन्।

- कृषि उत्पादन, पर्यटन विकास स्थानीय उत्पादनको बजारीकरण मार्फत रोजगारी र आयमा दिगो वृद्धि हुने
- स्थानीय श्रोत र साधनको उच्चतम उपयोग भई रोजगारी र आय आर्जनका अवसरहरू प्राप्त हुने।
- भौतिक पूर्वाधार तथा संरचना निर्माण व्यवस्थित, सुरक्षित, गुणस्तरीय र दिगो हुने।
- जडिबुटी तथा अन्य वन पैदावारहरूको उचित उपयोग र जमीन र जलश्रोतको दिगो उपयोग भएको हुने।
- सुशासन, स्थानीय सेवा प्रवाह, कार्य सम्पादन र जवाफदेहिता कायम हुने।

- समग्र पञ्चपुरी नगरपालिकाको भौतिक पुर्वाधार, शिक्षा, स्वास्थ्य तथा रोजगारीका अवसरहरूको वृद्धि र सुशासन कायम गरी सम्वृद्ध नगरविकासको आधारशीला निर्माण हुने।

**आवधिक योजनाका उपलब्धिहरू**

पञ्चपुरी नगरपालिकाको आवधिक योजना कार्यान्वयन पश्चात निम्न लिखित उपलब्धिहरू प्राप्त हुनेछन्।

- कृषिको व्यवसायिकरणअर्गानिक कृषि उत्पादन एवं कृषि उत्पादनको बजारीकरणमा वृद्धि भएको हुने ,
- खेतीयोग्य भूमीमा वर्षै भरी भरपर्दो सिंचाई सुविधा पुगेको हुने।
- पशुजन्य वस्तुको उत्पादन को व्यवसायिकरणमा वृद्धि भएको हुने। (मासु तथा दुग्ध उत्पादन)
- सफासुन्दर ,, व्यवस्थित र आकर्षक पर्यटकीय स्थलहरूको संरक्षण र पूर्वाधारको विकास भएको हुने।
- सबै वडाहरू कार्यालय जोड्ने सडकहरूको स्तरोन्नति (कालोपत्रे) भएको हुने।
- वित्तीय साक्षरता अभिवृद्ध भई नगरवासीमा बैंक तथा वित्तिय सेवाको सहज पहुँच एवं बिस्तार भएको हुने
- पूर्व प्राथमिक तथा प्राविधिक शिक्षामा पहुँच तथा शिक्षाको गुणस्तरमा अभिवृद्धि भएको हुने।
- आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच तथा गुणस्तरीयता अभिवृद्धि भएको हुने।
- स्वच्छ खानेपानीको सहज उपलब्धता भएको हुने।
- लक्षित वर्गको सहभागितामा अभिवृद्धि र पारदर्शी निर्णय प्रक्रियामा विशेष जोड दिनुका साथै सुशासनमा अभिवृद्धि भएको हुने।
- स्थानीय भाषा संस्कृतिको संरक्षण र सम्बर्धनमा विशेष जोड दिइने।
- मुख्य मुख्य बस्ती तथा उत्पादनस्थल सम्म सडक सञ्जाल बिस्तार भई आवागमन सहज भएको हुने।
- सुरक्षित आवास र वस्ती विकास कार्यमा विशेष जोड दिइने।
- बिजुली तथा स्वच्छ ऊर्जाको उपलब्धता र उपयोगमा विस्तार भएको हुने।
- आधुनिक सूचना तथा संचार प्रविधिको पहुँचमा अभिवृद्धि भएको हुने।
- वन क्षेत्रको उचित व्यवस्थापन र उत्पादन तथा उत्पादकत्व वृद्धि भएको हुने।
- भू तथा जलाधार क्षेत्रको संरक्षण र बाढी पहिरोको प्रकोप न्यूनीकरणका कार्यहरू सञ्चालन भएको हुने।
- जलवायु परिवर्तनको असर तथा विपद जोखिमको प्रभावलाई न्यूनीकरणका लागि स्थानीय स्तरमा जनचेतना अभिवृद्धि भएको हुने।
- सेवा प्रवाह तथा कार्यसम्पादन प्रक्रिया सहज, सरल, पारदर्शी सहभागितामुलक भएको हुने।
- नगर कार्यपालिका र विषयगत निकायको संगठन विकास र व्यवस्थापन क्षमतामा अभिवृद्धि भएको हुने।

- आन्तरिक राजश्व श्रोतहरूको पहिचान र संकलन तथा वाह्य श्रोत परिचालन क्षमतामा अभिवृद्धि भएको हुने।
- योजनाको अनुगमन तथा मुल्यांकनलाई नतिजामुखी बनाउन र सुशासन कायम गर्न प्रभावकारी भएको हुने ।

**योजना कार्यान्वयनका प्राथमिकताका क्षेत्र तथा कार्यहरू**

पञ्चपुरी नगरपालिकाले निर्धारण गरेको दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्यहरू प्राप्ति तथा उपलब्धि हाँसिल गर्न निम्न क्षेत्रहरूलाई प्राथमिकता निर्धारण गरी तत्अनुरुप रणनीति तथा कार्यनीतिहरू एवं वार्षिक कार्यक्रहरूको योजना निर्माण र प्राथमिकता निर्धारण गर्नुपर्दछ।

- स्थानीय बस्तु उत्पादनको संभाव्यताका आधारमा उद्योग व्यवसाय र रोजगार प्रवर्धन।
- कृषि, पशुपालन, सिंचाई व्यवस्थापन तथा कृषि उत्पादनको बजारीकरणमा विशेष जोड।
- आधारभूत शिक्षा, स्वास्थ्य र पोषण जस्ता कार्यक्रम।
- स्वच्छ खानेपानीको पहुँच सहज बनाउने तथा ढल निकास र सरसफाई कार्यहरू।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण।
- युवा उद्यमसीलता, सीप विकास तथा युवा सशक्तिकरण।
- सडक पूर्वाधारको विस्तार, स्तरोन्नती एवं गुणस्तरियता।
- पर्यटन क्षेत्रको संरक्षण, पर्यटन पुर्वाधार निर्माण, पर्यटन प्रचार-प्रसार र बजारीकरण।
- सुशासन तथा सहज, सरल सेवा प्रवाह।

**आवधिक योजना कार्यान्वयनका रणनीतिहरू**

पञ्चपुरी नगरपालिकाले आफ्नो आवधिक योजना कार्यान्वयनका लागि निम्न रणनीतिहरू अबलम्बन गरिनेछ।

- गुणस्तरीय र प्राविधिक शिक्षा, स्वास्थ्य तथा पोषण सेवा, स्वच्छ खानेपानी र सरसफाई, सामाजिक सुरक्षा तथा युवा एवं लैङ्गिक सशक्तिकरणमा जोड दिने।
- युवा सिर्जनशिलता, स्थानीय सीप र सीपयुक्त जनशक्ति उत्पादनमा विशेष जोड दिने।
- स्थानीय उत्पादनलाई ध्यानमा राखी उद्यमशिलता विकास, कृषि तथा वन्य क्षेत्रका उत्पादन (जडिबुटी, काठजन्य वस्तु), ती वस्तुको विविधिकरण र बजारीकरणलाई दीगो र भरपर्दो हुने गरी उत्पादन वृद्धिमा जोड दिने र रोजगारी सिर्जना तथा आय आर्जनको माध्यमका रूपमा स्थापित गर्ने

- सडक पुर्वाधार निर्माण, व्यवस्थित यातायात, बजार र सुरक्षित आवास, विद्युत तथा स्वच्छ उर्जा एवं अन्य आधारभूत पूर्वाधार विकासको माध्यमबाट वस्तु तथा सेवा उत्पादन, तिनको बजारीकरण तथा व्यवसायीकरणमा अभिवृद्धि गरी रोजगारी तथा आय आर्जनका अवसरहरू सिर्जना गर्ने
- समावेशीकरण तथा सुशासन प्रवर्धनलाई स्थानीय विकास प्रक्रियामा सरकारी, गैर सरकारी, निजी क्षेत्र र नागरिक समाजसँगको समन्वय, सहकार्य र साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्ने
- संघ तथा प्रदेश सरकारहरूसँगको समन्वय र सहकार्यमा पुर्वाधार विकास र रोजगारी सिर्जना हुने कार्यहरूमा विशेष जोड दिने ।
- वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन हुनेगरी उत्पादन विविधिकरण, जैविक विविधता संरक्षण जस्ता क्षेत्रहरूलाई एकीकृत गरी विकास परियोजनाहरूको छनौट र कार्यान्वयनमा जोड दिने ।
- दीगो विकास, समावेशी तथा न्यायपूर्ण शासन र सेवा प्रवाह तथा सुशासनको अभिवृद्धि गर्ने

**रणनीति तथा कार्यनीति**

दीर्घकालीन सोचबाट निर्देशित भई पञ्चपुरी नगरपालिकाको समष्टिगत विकास लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि नगरपालिकाको संस्थागत क्षमता विकास सहकार्य र साझेदारीका माध्यमबाट आवधिक विकास योजनाका नीति , तथा रणनीतिहरू कार्यान्वयन गरिनेछ । समग्र लक्ष्य प्राप्तिका लागि क्षेत्रगत एवं विषयगत क्षेत्रहरूको रणनीति तथा कार्यनीति तपसिल बमोजिम अबलम्बन गरिने छ । ती रणनीति र कार्यनीतिका आधारमा वार्षिक योजान तथा बजेट कार्यक्रमहरू तय गरी कार्यान्वयन गरिनेछ । विषयगत तथा क्षेत्रगत रणनीति तथा कार्यनीतिहरूको तालिका तल प्रस्तुत गरिएको छ ।

**विषयगत तथा क्षेत्रगत रणनीति र कार्यनीति**

| विषयगत तथा क्षेत्रगत रणनीति | कार्यनीति |
|---|---|
| **आर्थिक विकास** | |
| **पर्यटन विकास** | |
| पञ्चपुरी नगरपालिकामा रहेका पर्यटकीय स्थल, प्राकृतिक स्रोत र सम्पदाको पहिचान, संरक्षण र प्रवर्धन गरी पर्यटन विकासमा विशेष जोड दिने | • शिवधाम कर्णाली-भेरी ,पञ्चपुरी माई मन्दिर ,चेमेरे गुफा ,दहताल , दोभान तथा अन्य पर्यटकीय स्थलहरूमा पर्यटन पुर्वाधार निर्माण गरी सहज पहुँच हुने गरी पुर्वाधार निर्माणमा प्राथमिकता प्रदान गर्ने ।<br>• प्राकृतिक सौन्दर्य स्थलहरूको संरक्षण गरी पर्यटकीय स्थलको रुपमा विकास गर्ने । |

| विषयगत तथा क्षेत्रगत रणनीति | कार्यनीति |
| --- | --- |
| | • पर्यटकी स्थलहरूको प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य- पर्यटकहरूलाई आकर्षण गर्ने<br>• भेरी तथा कर्णाली नदीमा जलयात्रा मनोरञ्जन, बोटिंग ,र्याफ्टिङ् आदिको विकास गर्न संघीय सरकार तथा प्रदेश सरकार एवं निजी स्तरमा सञ्चालित संस्था तथा कम्पनीहरूसँग सहकार्य र सहजीकरण गर्ने ।<br>• पर्यटकीय क्रियाकलाप र उद्यम सम्बन्धी तालिम सञ्चालन गरी दक्ष र अर्धदक्ष जनशक्ति निर्माण गर्ने<br>• होटल व्यवसाय तथा होमस्टे कार्यलाई सहजिकरण र प्रोत्साहन गर्ने ।<br>• पर्यटन विकासका लागि हरेक वर्ष भेरी कर्णाली जलयात्रा महोत्सव- सञ्चालन गर्ने<br>• ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पादाहरूको संरक्षण , पार्कहरू निर्माण तथा प्राकृतिक सौन्दर्यकास्थलहरूको प्रचार प्रसार- गर्न वृत्त चित्र निर्माण गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा प्रचार प्रसार गर्न पर्यटन बोर्ड नेपालसँग सहकार्य गर्ने ।<br>• स्थानीय कला संस्कृतिको संरक्षण स्थानिय खाद्य तथा ,प्रवर्धन , सामग्रीहरूको निर्माण गरी पर्यटकीय वस्तुका रुपमा विकास गर्ने । त्यसका लागिनीजि क्षेत्र र समुदायसँग साझेदारीमा पर्यटन विकास कार्यहरू संचालन गर्ने<br>• पर्यटकीय क्षेत्रको विकासका लागि आगामी पाँच वर्षभित्र गुरुयोजना निर्माण गरी लागु गर्ने |
| पर्यटकीय सम्पदा प्राकृतिक , स्थलको संरक्षण र सम्वर्धन गरी | • हरेक वडामा पार्क निर्माण तथा पिकनिक स्थल निर्माण गर्ने ।<br>• कर्णाली चिसापानी बाबियाचौर हुँदै कर्णाली राजमार्ग जोड्ने- सडकले सिर्जना गरेका अवसरहरूलाई ध्यानमा राखी विशेष<br>• नीजि क्षेत्रसँग साझेदारी गरी संभाव्य पर्यटकीय स्थलहरूमा पर्यटकीय पूर्वाधार लगायत सेवा सुविधाहरू सुनिश्चित गर्ने<br>• एकीकृत गरी पर्यटन विकास कार्यक्रम तयार गरी लागु गर्ने |

| विषयगत तथा क्षेत्रगत रणनीति | कार्यनीति |
|---|---|
| पर्यटनको विकासलाई दिगो रोजगारी सिर्जना र आय आर्जनको माध्ययमको रुपमा विकास गर्ने। | • पर्यटन विकासमा विशेष गरी युवा, महिला र लक्षित वर्गमा रोजगारी सृजना र आय बृद्धि गर्न पथपर्दशक ,होटल व्यवसाय ,पर्यटक गाइड , जस्ता तालिम कार्यक्रम सञ्चालन गरी युवा रोजगारीका अवसर<br>• पर्यटन व्यवसायमा युवा शक्तिलाई आकर्षण गर्ने कार्यक्रम तयार गर्ने<br>• कृषि, उद्यम र पूर्वाधार विकाससँग एकीकृत गरी पर्यटन विकासका परियोजनाहरू तर्जुमा गर्ने<br>• पर्यटन प्रवर्धनसंग सम्बन्धित आयोजनाहरू कार्यान्वयनका लागि सार्वजनिक निजि साझेदारी कार्यकर्म सञ्चालन गर्ने |
| **उद्योग र व्यापार** | |
| स्थानीय स्रोत साधन, कच्चा पदार्थको प्रयोगमा आउने गरी ठूला र घरेलु  तथा साना उद्योगको विकास र विस्तार गर्ने। | • नयाँ उद्योग व्यवसाय सञ्चालनको सम्भाव्यता हेरी नयाँ उद्योग सञ्चालनका लागि प्रोत्साहन गर्ने। यसका लागि उद्योग शुरूवातीका पहिलो ३ वर्षका लागि कर छुट दिने जस्ता प्रवर्धनात्मक नीति अनुसार कार्यक्रम सञ्चालन गर्ने<br>• नयाँ उद्योग सञ्चालनका लागि आवश्यक सीपमूलक तालिमहरू सञ्चालन गर्ने<br>• वातावरण प्रभाव मुल्याङ्कन गरी क्रसर उद्योग तथा काष्ठ उद्योगहरू सञ्चालनका लागि सहजिकरण गर्ने<br>• स्टार्ट अप कार्यक्रम लागु गर्न नगरपालिका र नगरपालिका उद्योग वाणिज्य संघ तथा जिल्ला उद्योग वाणिज्यसँग समन्वय गरी कार्यक्रम तय गर्ने।<br>• स्थानीय उत्पादनको भ्यालु चेन वृद्धि गरी बजारीकरण गर्नका लागि आवश्यक प्रशोधन उद्योगहरू सञ्चालनमा कर छुट लगायतका कार्यहरु सञ्चालन गर्ने<br>• नयाँ प्रविधि तथा उद्योग स्थापनामा सहजिकरण गर्न नगर तथा जिल्लका उद्योग वाणिज्य संघ संस्थासँग सहकार्य र समन्वय गर्ने<br>• छ। युवालाई लक्षित गरी सीप र उद्यमशिलता विकास सम्बन्धी तालिम कार्यक्रम संचालन गरिनेछ। |

| विषयगत तथा क्षेत्रगत रणनीति | कार्यनीति |
|---|---|
| | • ट। युवालाई रोजगारको अवसर जुटाउनका लागि वृति विकास तथा रोजगार मेला आयोजना गरिनेछ।<br>• ठ। स्थानीय समुदायलाई उद्योगको लागि आवश्यक कच्चा पदार्थको उत्पादनमा आधारित सचेतना, सीप र प्रविधि हस्तान्तरण गरिनेछ।<br>• ड। स्थानीय उत्पादनको संकलन र प्रसोधनमा आधारित साना उद्योगको स्थापनामा जोड दिइनेछ। |
| **कृषि तथा पशुपालन** | |
| उत्पादन क्षमताका आधारमा कृषि तथा पशुपालन पकेट क्षेत्रका रूपमा विकास गर्ने | • नगरको माथिल्लो पहाडी क्षेत्र (वडा नं. १, ७, ८, ९, १० र ११ का केहि निश्चित स्थान) व्यावसायिक पशुपालन, तरकारी खेती, तथा फलफुल खेतीमा प्रोत्साहन गर्न लगानीका अवसरहरू सिर्जना गर्ने र त्यसका लागि नीतिगत व्यवस्था, अनुदान तथा सीप विकास कार्यक्रमहरू सञ्चालन गर्ने।<br>• पशुपालन कृषकका लागि पशु स्वास्थ्य उपचारका लागि घुम्ती सेवा सञ्चालन, औषधि वितरण, पशुपंछी उपचार र नश्ल सुधार जस्ता कार्यक्रम सञ्चालन गर्ने<br>• सीप विकास तालिमहरू प्रदान गरी व्यबसायिक योजनाको आधारमा ऋण तथा अनुदान दिने व्यवस्था गर्ने। त्यसका लागि संघीय तथा प्रादेशिक सरकार, नीजि क्षेत्र एवं वित्तीय संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने<br>• किसानहरूलाई समयमा मल बीउ उपलब्ध गराउन आवश्यक कार्यहरू गर्ने।<br>• प्रधानमन्त्री रोजगार कार्यक्रमलाई स्थानीय स्तरमा आवश्यकताका आधारमा स्थानीय जनसहभागितामा आधारित भएर विकास कार्यक्रम र व्यवसायिक सीप विकास मार्फत रोजगारी सृजना र आय आर्जनका कार्यक्रमहरूसँग सँगसँगै सञ्चालन गर्ने।<br>• उन्नत मल, बीउबीजन, साना सिंचाई र माटो परिक्षण गरी उपयुक्त स्थानको पहिचान गरी कृषि कार्यक्रम सञ्चालन गर्न सहजिकरण गर्ने र कृषि उत्पादन वृद्धि गर्न सहयोग गर्ने। |

| विषयगत तथा क्षेत्रगत रणनीति | कार्यनीति |
| --- | --- |
| | • पशु बजारका लागि बाबियाचौरमा जस्तै उपयुक्त हाटबजार स्थापना र सञ्चालन गर्न नीजि क्षेत्रसँग समन्वय र सहकार्य गर्ने ।<br>• सामाजिक तथा आर्थिक रुपले पछाडि परेका विपन्न समुदायलाई पशुपन्छीपालन सम्बन्धी आधारभूत तालिम र शुरुवाती कामका लागि बिउ पुँजीको व्यवस्था गर्ने । |
| कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायीकरण तथा बजारीकरण गर्ने । | • बाख्रा पालन मौरी पालन र अन्य ,कृषि तथा अन्नबाली उत्पादनलाई बजारीकरण गर्न संकलन केन्द्रहरू सञ्चालन गर्ने र बजार केन्द्रहरूसम्म पुर्याउने व्यवस्था गर्ने ।<br>• पञ्चपुरी नगरपालिकाको केन्द्र बाबियाचौरमा स्वस्थ्यकर पशु बधशाला निर्माण गर्न स्थान पहिचान गर्ने र सञ्चालनका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने ।<br>• कृषि ,पशुपालन ,तरकारी, आदिको सम्भाव्यता भएका उत्पादन स्थलहरू केन्द्रित गरी कृषि फर्महरू संचालन गर्ने ।<br>• अगुवा कृषकहरुलाई देशका अन्य स्थानमा सञ्चालित कृषि फर्महरूको अवलोकन भ्रमण र ज्ञान सीप आर्जनमा सहजिकरण गर्ने ।<br>• तरकारी, फलफूल, दुध उत्पादन पकेट क्षेत्रलाई लक्षित गरी कृषि तथा पशुपन्छीजन्य उपजहरूको संकलन, तथा चिस्यान केन्द्रको निर्माण गर्ने ।<br>• कृषि तथा पशुरोग तथा महामारी फैलिन नदिनका लागि आवश्यक कृषि तथा पशुस्वास्थ्य सेवा सञ्चालन गर्ने ।<br>• एक गाउँ एक कृषि उत्पादनको अवधारणालाई कार्यान्वयन गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने । |
| कृषिलाई बिस्तारै यान्त्रिकीकरण गर्न प्रोत्साहित गर्ने | • कृषि लागत घटाउन र कृषिलाई आधुनिकीकरण गर्दै जाने नीति अनुरूप कृषकलाई स्थानीय माग र सम्भाव्य कृषि औजारको प्रयोगका लागि प्रोत्साहित गर्ने<br>• कृषि यन्त्रमा संघीय र प्रदेश सरकारसँग नीतिगत समन्वय गरी कृषि मल बीउ तथा कृषि यन्त्रमा दिइने अनुदानका कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने |

| विषयगत तथा क्षेत्रगत रणनीति | कार्यनीति |
|---|---|
| | • कृषकहरूको लागि उत्पादन-भण्डारण र बजारीकरणका नयाँ प्रविधिसँग परिचित गराउने गरी सचेतनाका कार्यक्रम सञ्चालन गर्ने ।<br>• कृषि अनुदान, बिमा, ऋण, संकलन तथा प्रशोधन र विक्री केन्द्र, चिस्यान भण्डारण कृषि सूचनामा सहज पहुँच अभिबृद्धि गरी जनतालाई कृषि व्यवसायिकरण मार्फत रोजगारी सिर्जना तथा आय आर्जनका कार्यमा लाग्न प्रोत्साहित गर्ने । |
| कृषि र पशुपंक्षीजन्य उत्पादनको विशिष्टिकरण गरी व्यवसायिक उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्न विशेष जोड दिने । | • कृषि सहकारीका माध्यमबाट व्यावसायिक पशुपालनमा थप लगानीका अवसरहरू सिर्जना गर्ने ।<br>• सम्भाव्यताका आधारमा अर्गानिक खेतीमा विशेष जोड दिई सोका लागि कृषकलाई सचेतना वृद्धि गर्ने,<br>• अर्गानिक उत्पादन प्रविधिको सीप विकास सम्बन्धी तालिम सञ्चालन गर्ने<br>• अर्गानिक उत्पादनको बजारीकरणका लागि प्रचार प्रसार गर्ने-<br>• स्थानीय कृषकको माग अनुसार कृषि सामग्री तथा बीउ विजन उपलन्ध गराउन सहजिकरण गर्ने । |
| **सिंचाई** | |
| कृषि योग्य जमिनमा दीगो र भरपर्दो सिंचाई सुविधा उपलब्ध गराउने | • सिंचाई सुविधा नभएका कृषि योग्य जमिनमा सिंचाई सुविधा पुर्याउने<br>• कच्ची कुलो भएका स्थानमा स्तरोन्ति गर्ने<br>• सिंचाईका लागि पानी उपलब्ध हुन कठिन स्थानहरूमा लिफ्टिङ् प्रविधिको प्रयोग र थोपा सिंचाई कार्यहरू सञ्चालन गर्ने<br>• भेरी र कर्णाली नदी तटीय क्षेत्रमा सिंचाई सुविधा उपलब्ध गराउन संघीय र प्रदेश सरकारसँग समन्वय गर्ने<br>• पानीका मुहानहरूको व्यवस्थापनकुलो कुलेस ,पोखरी ,ाहरूको संरक्षण गरी सिंचाई कार्यक्रम सञ्चालन गर्ने<br>• साना सिंचाई कार्यक्रम सञ्चालनमा अनुदान सहयोग उपलब्ध गराउने<br>• पोखरी, कुलोहरू निर्माण तथा निरन्तर मर्मत संभार गर्ने र निरन्तर मर्मत तथा संभार कार्यका लागि सिंचाई मर्मत कोष स्थापना गर्ने |

| विषयगत तथा क्षेत्रगत रणनीति | कार्यनीति |
|---|---|
| **सडक तथा यातायात** | |
| सडक सञ्जाल बिस्तार र यातायात सेवा सहज बनाउने | • हाल सञ्चालनमा रहेका र निर्माणाधिन सडकहरूको सडकहरूको स्तरोन्नती तथा मर्मत संभार गर्ने ।<br>• हरेक वडा कार्यालय जोड्ने सडक कालोपत्रे गर्ने र मुख्य बस्ती तथा आर्थिक केन्द्र जोड्ने सडक सञ्जाल बिस्तार गर्ने ।<br>• ग्रामीण क्षेत्रका बस्तीहरूलाई सडक सञ्जाल मार्फत शहरी क्षेत्रको सडकसंग जोड्ने<br>• बाबियाचौर क्षेत्रमा व्यवस्थित बसपार्क निर्माण गर्ने । हाल भएको अस्थायी बसपार्कलाई स्तरोन्नति गर्ने । यसका लागि निजी क्षेत्रसंगको साझेदारीमा कार्य अघि बढाउने ।<br>• ट्र्याक खोलेका स्थानमा ग्राभेल गर्ने र ट्र्याक खोल्न बाँकी स्थानमा ट्र्याक खोल्ने कार्य गर्ने<br>• सबै सडकहरूमा नियमित रुपमा मर्मत संभारको व्यवस्था गर्ने<br>• सबै सडकहरूमा अनिवार्य रुपमा नाली सहितको बनाउने |
| सडकको मापदण्ड निर्धारण र वर्गीकरण, प्राथमिकता निर्धारण गर्ने | • नगर यातायात गुरुयोजना निर्माण गर्ने र तत्अनुसार नै सडक निर्माण गर्ने<br>• सडक निर्माण गर्दा सडकको प्रकृति अनुसार मापदण्ड निर्धारण, वर्गीकरण तथा प्राथमिकता निर्धारण गर्ने<br>• स्कुल पर्यटकीय स्थल तथा उत्पादन स्थलहरू ,स्वास्थ्य संस्था , जोड्ने सडकलाई प्राथमिकताका आधारमा निर्माण गर्दै जाने ।<br>• ग्रामिण क्षेत्रका वडाहरूमा रहेका सडकहरूको स्तर तथा मापदण्ड अनुसार सडकहरूको लगत निर्धारण गर्ने<br>• जीर्ण अवस्थामा रहेका झोलुङ्गे पुलहरू, कल्भर्टको नियमित मर्मत तथा संभार गर्ने<br>• मध्य पहाडी सडक र कर्णाली चिसापानीदेखि कर्णाली राजमार्ग जोड्ने सडक संघीय तहबाट नै निर्माण भईरहेको अवस्थामा ती सडकबाट ग्रामीण बस्ती जोड्ने सहायक सडक निर्माण गर्ने |

| विषयगत तथा क्षेत्रगत रणनीति | कार्यनीति |
|---|---|
| **शिक्षा तथा सीप विकास** | |
| गुणस्तरीय शिक्षाको सुनिश्चति गर्ने र व्यवसायिक शिक्षामा जोड दिदै उदयमशील ,आत्मनिर्भर तथा अनुशासित जनशक्ति उत्पादन जोड दिने | • सबै बालबालिकालाई गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्ने<br>• विद्यालय भर्ना अभियानलाई प्रभावकारी बनाई विद्यालय जाने उमेरका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्ने<br>• विद्यालयमा शिक्षक विद्यार्थी अनुपातका आधारमा विद्यालय शिक्षा बिस्तार र मर्जरको कार्यक्रम सञ्चालन गर्ने<br>• विद्यालय मर्ज गर्दा देखा पर्न सक्ने कठिनाईलाई सम्बोधन गर्न आवश्यकता अनुसार विद्यालय आवास तथा स्कुल बस सेवा सञ्चालन गर्नेगरी कार्यक्रम तय गर्ने<br>• कृषि तथा पशुपालनसम्बन्धी प्राविधिक शिक्षालयको स्थापना गरी प्राविधिक जनशक्ति उत्पादनका लागि प्रदेश सरकार तथा मध्यपश्चिम विश्वविद्यालयसँग समन्वय र सहकार्य गर्ने |
| शिक्षकहरूलाई प्रविधिमैत्री बनाउन पूर्वाधार तथा प्रविधिक क्षमता वृद्धि गर्दै आधारभूत तहको शिक्षाको गुणस्तर वृद्धि गर्ने | • शिक्षक तथा कर्मचारीहरूलाई प्रविधिमैत्री बनाउन प्रविधि पुर्वाधार निर्माण र प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्ने<br>• शिक्षण पद्दतिलाई प्रविधिमैत्री बनाउन विद्यालय शिक्षामा प्रविधि प्रयोगमा जोड दिने<br>• शैक्षिक गुणस्तर अभिवृद्धिका लागि नियमित अनुगमन<br>• बालविकास केन्द्र तथा विद्यालय शिक्षामा विशेष जोड दिने<br>• नतिजामा आधारित विद्यालय सुधार कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने<br>• शिक्षण सिकाइमा सहयोग गर्न सुचना प्रविधिको प्रयोगमा जोड दिने<br>• कृषि तथा पशुसम्बन्धी प्राविधिक शिक्षा सञ्चालनका लागि उपयुक्त स्थल पहिचान गरी प्रदेश सरकार तथा विश्वविद्यालयहरूसँग सहकार्य र समन्वय गर्ने<br>• प्रारम्भिक बाल विकास शिक्षा कार्यक्रमलाई विद्यालय प्रभावकारी बनाउने। यसका लागि मोन्टेश्वरी तालिम सञ्चालन गर्ने<br>• विद्यालयहरूको भौतिक संरचनालाई प्रविधि मैत्री, समावेशी बनाउँदै जाने |

| विषयगत तथा क्षेत्रगत रणनीति | कार्यनीति |
|---|---|
| | • विद्यालयमा छात्र-छात्राका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गर्ने<br>• प्राविधिक शिक्षा सञ्चालन गर्ने संघ संस्थासँग सन्वय गरी प्राविधिक जनशक्ति विकासमा विशेष तालिम सञ्चालन गर्ने |
| **आधारभूत स्वास्थ्य** | |
| आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच स्वास्थ्य सेवाको गुणस्तरमा सुधार गर्ने | • आधारभुत स्वास्थ्य सेवाको गुणस्तरीय मापदण्ड अनुसार स्वास्थ्य सेवा प्रभावकारी रुपमा उपलब्ध गराउने<br>• स्वास्थ्य संस्था र घुम्ती स्वास्थ्य सेवा मार्फत समुदायस्तरमा स्वास्थ्य सेवा उपलब्ध गराउने<br>• बालबालिका सुरक्षा तथा आमा सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने<br>• स्वास्थ्य बीमा कार्यक्रममा सबै नागरिकको पहुँचमा पुर्याउने र सबै नागरिकलाई स्वास्थ्य बीमा सेवामा आबद्ध गर्ने<br>• नगरपालिकामा निर्माणाधीन अस्पतालमा बल्ड बैंक सहितको सेवा उपलब्ध गराउने<br>• स्वास्थ्य संस्थाबाट टाढा रहेका बस्तीमा हरेक महिना घुम्ती स्वास्थ्य सेवा मार्फत स्वास्थ्य परीक्षण गर्ने कार्य सञ्चालन गर्ने<br>• सुर्खेत प्रादेशिक अस्पतालसँग समन्वय गरी नगरपालिकामा महिनाको एक पटक स्वास्थ्य शिविर सञ्चालन गर्ने<br>• स्वास्थ्य बिमा समेत गर्न नसक्ने गरीब तथा पछाडि परेका समुदायका नागरिकको स्वास्थ्य बिमा गर्ने कार्यक्रम सञ्चालन गर्ने<br>• स्वास्थ्य कार्यालयहरूमा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरूको पदपुर्ति गर्ने र सरकारले निशुल्क उपलब्ध गराउने औषधी नियमित रूपमा उपलब्ध भएको सुनिश्चित गर्ने<br>• स्वास्थ्य क्षेत्रको व्यवस्थित तथा गुणस्तरीय विकासका लागि सार्वजानिक तथा निजी क्षेत्रको सहकार्यमा सञ्चालन गर्ने<br>• गुणस्तरीय स्वास्थ्य सेवाका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्ने<br>• स्वास्थ्य संस्थामा भएका तथ्याङ्कलाई एकिकृत गरी अद्यावधिक गर्ने |

| विषयगत तथा क्षेत्रगत रणनीति | कार्यनीति |
|---|---|
| | • स्वास्थ्य चौकीहरूमा सुविधायुक्त बर्थिङ्ग सेन्टर स्थापना गर्ने<br>• स्थानीय खाद्यन्नको उपयोगमा जोड दिदै स्वास्थ्य तथा पोषण जस्ता आधारभुत स्वास्थ्य सेवा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने<br>• मातृ-शिशु, तथा प्रजनन स्वास्थ्य सेवालाई ध्यानमा राखि सबै वडाहरूमा आधारभुत स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने<br>• आकस्मिक एम्बुलेन्स सेवाको व्यवस्था गर्ने<br>• दिवा खाजा लागु भएका विद्यालयमा बजारमा पाइने तयारी खाद्यन्न भन्दा स्थानीय तहमा नै उत्पादित खाद्यन्न उपभोगमा जोड दिने।<br>• कुपोषण र न्युन तौल भएका बालबालिकाका लागि विशेष स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गर्ने<br>• सरूवा रोग न्युनिकरणका लागि संघ र प्रदेश सरकारसँगको सहकार्य र समन्वयमा विशेष स्वास्थ्य सेवा सञ्चालन गर्ने<br>• आयुर्वेद स्वास्थ्य सेवा पद्दतिको विकासका लागि आयुर्वेद स्वास्थ्य संस्थासँग समन्वय गरी नगर क्षेत्रभित्र स्वास्थ्य शिविरहरू सञ्चालन गर्ने<br>• आयुर्वेद स्वास्थ्य सेवा कार्यक्रमलाई बिस्तार गर्दै सबै जनसमुदायमा पुर्याउने गरी स्वास्थ्य सेवा सुधारका योजना तयार गर्ने<br>• आयुर्वेद स्वास्थ्य सेवामा संलग्न जनशक्ति तथा क्लिनिकहरूलाई प्रोत्साहन गर्ने |
| **युवा तथा खेलकुद** | |
| युवा वर्गमा खेलकुदप्रति आकर्षित गर्ने | • विद्यालय स्तरदेखि नै खेल भावना विकास गर्ने विद्यालय स्तरीय खेलकुद कार्यकर्म हरू सञ्चालन गर्ने<br>• प्रत्येक वडामा युवा क्लब गठन गरी खेलकुद पूर्वाधार निर्माण गर्न सहयोग गर्ने<br>• नगर क्षेत्रभित्र विद्यालय स्तरीय र वडा स्तरिय खेलकुद प्रतियोगिता वार्षिक रूपमा सञ्चालन गर्ने<br>• खेलकुदका माध्यमबाट युवा शक्तिलाई लागु औषध तथा दुर्व्यसनबाट जोगाउने कार्यक्रमलाई प्रथामिकताका साथ लागु गर्ने |

| विषयगत तथा क्षेत्रगत रणनीति | कार्यनीति |
|---|---|
| | • खेल विकास र खेलकुद उद्यमशिलता विकासका लागि सजहिकरण गर्ने<br>• युवा लक्षित स्वरोजगार कार्यक्रमहरू सञ्चालन गरी युवा पुस्तालाई उत्पादनमुलक क्षेत्रमा आकर्षित गर्ने |
| खेलाडीको क्षमता विकास र खेल निरन्तरताको लागि प्रोत्साहन गर्ने | • खेलकुद, सीप विकास तथा उद्यमशिलतामा संलग्न युवाहरूलाई जोगाइराख्न जिल्ला स्तरीय प्रदेश स्तरीय वा संघीय तहका खेलकुद , संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकुदमा क्रियाशील<br>• नगरक्षेत्रभित्र नगरस्तरीय खेलकुद रङ्गशाला निर्माण गर्ने<br>• हरेक विद्यालय तथा वडाहरूमा खेल मैदान निर्माण र संरक्षण गर्ने<br>• स्थानीय युवा क्लबहरूलाई नै स्थानीय खेलमैदान संरक्षण र व्यवस्थापनमा प्रोत्साहित गर्ने<br>• आवश्यकता अनुसार खेल प्रशिक्षकहरूको व्यस्थापन गर्न जिल्ला तथा प्रदेश स्तरीय खेल संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेल प्रशिक्षकहरू उपलब्ध गराउने<br>• जिल्ला प्रदेश तथा संघीय वा अन्तरराष्ट्रिय स्तरमा पदक प्राप्त गर्ने , खेलाडीलाई सम्मान गर्ने |
| **खानेपानी तथा सरसफाई** | |
| हरेक समुदाय र घर घरमा स्वच्छ र सुरक्षित खानेपानीको व्यवस्था गर्ने तथा खानेपानी र सरसफाई सम्बन्धी न्युनतम मापदण्ड तय गरी लागु गर्ने | • सवै नागरिकलाई आधारभूत खानेपानी पूर्वाधारमा पहुँच सुनिश्चित गर्ने<br>• खानेपानीका मुहानको संरक्षण र व्यवस्थापन गर्ने<br>• खानेपानी उपलब्ध हुन नसकेका स्थानमा लिफ्टिङ् प्रविधि मार्फत खानेपानी उपलब्ध गराउने<br>• खानेपानी उपभोक्ता समितिहरूको प्राविधिक तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने<br>• खानेपानी तथा सरसफाई सम्बन्धी स्थानीय नीति, कानून तथा मापदण्डको निर्माण, कार्यान्वयन तथा नियमन गर्ने<br>• नगरक्षेत्र तथा आसपासका अन्य क्षेत्रमा उपलव्ध खानेपानी तथा जलाधार क्षेहरूको संरक्षण गर्ने |

| विषयगत तथा क्षेत्रगत रणनीति | कार्यनीति |
|---|---|
| | ● नगरपालिका क्षेत्रबाट फोहोरमैलाको पानीका श्रोतलाई असर नगर्ने गरी उचित व्यवस्थापन गर्ने<br>● नगरमा सरसफाई कार्यक्रम सञ्चालन गर्दा प्रदेश र संघीय सरकारका सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्ने<br>● नगरलाई सफा सहरको रूपमा विकास गर्ने र वातावरण मैत्री बनाउने |
| नगरपालिकाको फोहोर व्वस्थापनका लागि डम्पिङ्ग साइटको निर्माण गर्ने र फोहोरको उचित व्यवस्थापन गर्ने | ● कुहिने र नकुहिने फोहोरलाई श्रोतमा वर्गिकरण सहित संकलन र ढुवानीको व्यवस्थापन गर्ने<br>● पुनः प्रयोगमा आउन सक्ने र प्राङ्गारिक मल निर्माण हुन सक्ने फोहोरको छुट्टाछुट्टै संकलन र व्यवस्थापन गर्ने<br>● फोहोर व्यवस्थापन गर्दा नदी खोला तथा पानीका मुहानहरूमा कुनै असर नपर्ने गरी उचित व्वस्थापन गर्ने<br>● नेपाल खानेपानी संस्थानतथा अन्य विकास संस्थ ,रेडक्रस ,◌ाहरूसँग समन्वय गरी खानेपानी परियोजनाहरू सञ्चालन गर्ने<br>● खानेपानीका श्रोत तथा धाराहरू नियमित सरसफाई र मर्मत संभार गर्ने<br>● घरबाट निस्कने फोहोरलाई सकेसम्म घरमै व्यस्थापन गर्ने सकिने गरी कार्य गर्ने<br>● सार्वजनिक स्थान, पाटी पौवा ,सडक, बाटो पार्क जस्ता सार्वजनिक स्थलहरूमा फोहर फाल्ने डस्टबिनहरूको व्यवस्था गर्ने<br>● सार्वजनिक स्थलमा फोहोर गर्ने कार्यलाई कडाइकासाथ नियन्त्रण गर्न कानूनी व्यवस्था गर्ने  अनुसार दण्डित गरिने छ ।<br>● घरबाट निस्कने फोहोरलाई सकेसम्म कम्पोष्ट मल बनाउने गरी व्यवस्थापन गर्ने |
| **लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण** | |
| सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्य गरी सामाजिक न्याय स्थापित गर्ने | ● लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणाका बारेमा जनचेतनामूलक कार्यक्रमहरू विद्यालय स्तरदेखि नै सञ्चालन गर्ने<br>● लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा अनुसार विकास योजना निर्माणका हरेक चरणमा नै समावेश गर्ने |

| विषयगत तथा क्षेत्रगत रणनीति | कार्यनीति |
|---|---|
| | • महिला हिंसा तथा सामाजिक भेदभावका घटना न्युनिकरण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने<br>• विद्यालय घरपरिवार तथा समुदायमा तहमै हुने ,बालबालिका र किशोर किशोरी माथि हुने सबै प्रकारका भेदभाव, शोषण, दुव्यवहार र हिंसा अन्त्यका लागि विशेष कार्यक्रम विद्यालय स्तरीय र वडा स्तरीय कार्यक्रम सञ्चालन गर्ने<br>• फरक क्षमता भएका बालबालिका तथा व्यक्तिहरूका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने<br>• नगर क्षेत्रमा सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई थप सहज र सरल बनाउने। बैंकहरू सँग नै समन्वय र सहकार्य गरी दुर्गम स्थानमा रहेका सामाजिक सुरक्षा प्राप्त गर्ने व्यक्तिहरूलाई सहज तरिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्ने परिपाटी मिलाउने<br>• सरकारी तथा गैर सरकारी संस्थाहरूसंगको सहकार्यमा फरक क्षमता भएका व्यक्तिहरूको पहिचान गरी उनीहरूको आर्थिक, सामाजिक अवस्थाका आधारमा सशक्तिकरण र पुनर्स्थापना कार्य सञ्चालन गर्ने<br>• हिंसा पिडित तथा प्रभावितको राहत र उद्दारको लागि आपतकालिन पुनस्थापना कोष स्थापना गर्ने । यसका लागि प्रदेश तथा संघीय सरकारसँग सहकार्य गर्ने।<br>• सार्वजनिक क्षेत्रहरूलाई अपाङ्गमैत्री पूर्वाधार निर्माणलाई प्रोत्साहित गर्ने<br>• फरका क्षमता भएका व्यक्ति तथा समुदायका लागि लक्षित गरि बजेट निर्माण गर्ने |
| लक्षित वर्गको आत्मनिर्भरताका लागि उनीहरूको क्षमता विकास गर्ने | • फरक क्षमता भएका व्यक्ति तथा समुदायका लागि विशेष सीप विकास तालिम सञ्चालन गर्ने<br>• फरक क्षमता भएका व्यक्तिको क्षमताका आधारमा उनीहरूलाई उद्यमशीलता विकास तथा उनीहरूको उत्पादनलाई विशेष वस्तुका रूपमा ब्रान्डिङ् गरी आय आर्जनमा सहजिकरण गर्ने।<br>• लाक्षित वर्गको लागि बजार मागमा आधारित वस्तु तयार गर्न हस्तकला, अचार उत्पादन र नर्सरी व्यवसाय जस्ता उत्पादनमूलक क्षेत्रमा सीप विकास गर्न सीप विकास तालिम सञ्चालन गरी व्यवसाय |

| विषयगत तथा क्षेत्रगत रणनीति | कार्यनीति |
|---|---|
| | शुरु गर्नका लागि बिउ पूँजी सहयोग गर्ने र उत्पादित वस्तुको बजारीकरणलाई सुनिश्चित गर्ने |
| **श्रम र रोजगारी** | |
| युवा लक्षित रोजगारी तथा आय आर्जनका कार्यक्रम सञ्चालन गर्ने रणनीति अबलम्बन गर्ने | • युवा तथा बेरोजगार रहेका जनतालाई लक्षित गरी कृषि, पशुपालन, साना तथा घरेलु उद्योग, पर्यटन तथा निर्माण व्यवसाय सञ्चालन गर्न आधारभूत सीप तथा तालिम सञ्चालन गर्ने<br>• साना तथा घरेलु उद्योग सञ्चालन गर्न व्यावसाय शुरूवाती पुँजी र कर छुट लगायत सहुलियतपूर्ण कार्यहरू सञ्चालन गर्ने<br>• वैदेशिक रोजगारीमा जान चाहने युवालाई आवश्यक सीप विकासका तालिम सञ्चालन गर्ने । उदाहरणका लागि निर्माण व्यवसाय होटेल , सवारी चालक तथा सुरक्षा गार्ड जस्ता क्षेत्रमा तालिम ,कुक ,वेटर सञ्चालन गरी अर्धदक्ष जनशक्ति निर्माणमा विशेष कार्यक्रम सञ्ाचालन गर्ने । यसका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र अन्य निजी संस्थासँग पनि सहकार्य र समन्वय गर्ने ।<br>• वैदेशिक रोजगारीबाट फर्केका युवालाई कृषि, पशुपालन, वन, माछा र पर्यटनमा आधारित उत्पादन क्षेत्रमा लगानी गरी स्थानीय तहमा नै रोजगारी सिर्जना गर्ने कार्यमा आकर्षित गर्ने<br>• साना उद्योग व्यवसाय संचालनको लागि उद्यमशिलता, सीप विकास तालिम, परामर्श सेवा र सहयोगको एकीकृत प्याकेज लागु गर्ने<br>• सहकारी तथा वित्तीय संस्थाहरूको पहँचमा वृद्धि हुने गरी सचेतना कार्यक्रम पनि सञ्चालन गर्ने<br>• उद्यमशीलता विकास गर्न चाहने युवाहरूलाई साना बचत तथा ऋण परिचालन, उद्यमशिलताको विकास, तथा वित्तीय पहुँच स्थापना गर्न सहजिकरण गर्ने ।<br>• बित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने र वित्तीय साक्षरता अभिवृद्धि गर्ने<br>• सरकारी सेवामा प्रवेश गर्न चाहने युवा तथा विद्यार्थीहरूलाई लक्षित गरी विभिन्न संस्थाहरूसँग समन्वय गरी लोक सेवा तयारी कक्षा सञ्चालन गर्ने |

| विषयगत तथा क्षेत्रगत रणनीति | कार्यनीति |
|---|---|
| **संस्कृति तथा सम्पदा** | |
| स्थानीय भाषा कला तथा भेषभुषाहरूको संरक्षण गर्दै पर्यटन विकासलाई जोड दिने | • स्थानीय भाषा संस्कृति ,साहित्य, कला र संस्कृतिको विकास एवं संवर्धनका लागि सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गर्ने<br>• हरेक वर्ष नगरक्षेत्रका कला संस्कृति भेष भुसा झल्कने गरी , साँस्कृतिक महोत्सव आयोजना गर्ने<br>• कला संस्कृतिको विकासका लागि एउटा साँस्कृतिक कोष स्थापना गर्ने |
| **आवास, भवन तथा शहरी विकास** | |
| सुरक्षित तथा व्यवस्थित आवास एवं शहरी विकासको एकिकृत योजना निर्माण गर्ने | • शहरी विकास योजना निर्माण गरी व्यवस्थित आवास तथा शहरी विकासमा जोड दिने<br>• नगरपालिकामा एउटा नगरहल झण्डै ५०० देखि ८०० जनासम्म) निर्माण गर्ने (अट्ने<br>• नगरभित्र रहेका प्राकृतिक वन तथा स्थलहरूलाई व्यवस्थित गरी प्राकृतिक पार्कका रूपमा विकास गर्ने<br>• अतिविपन्न गरीब र दलित समुदायको लागि आवास निर्माणका प्रदेश र संघीय सरकारसँग पहल गरि आवास निर्माण गर्ने<br>• सार्वजानिक तथा ऐलानी जग्गाको संरक्षण तथा व्यवस्थापन गरी सार्वजानिक कामको लागि उपयोग गर्ने<br>• भवन आचार संहिता निर्माण गरी कडाईका साथ लागु गर्ने<br>• सहरी क्षेत्रमा हुनसक्ने अपराधका घटनाहरूलाई न्युनिकरण गर्न सुरक्षा निकाय, स्थानीय उद्योग वाणिज्य संघ आदिसँग समन्वय गरी सहरका मुख्या स्थानमा सी.सी. क्यामेरा जडान गर्ने<br>• स्मार्ट सिटीको अवधारणालाई कार्यान्वयन गर्ने<br>• भुउपयोग नीति तर्जुमा गरी भु वर्गीकरण गर्ने र कडाइका साथ-लागू गर्ने<br>• बजार व्यवस्थापनका लागि आवश्यक पूर्वाधारहरूको निर्माण गर्ने<br>• सडक तथा फुटपाथमा माछा, मासु, फलफूल तथा तरकारी बेचबिखन गर्ने कार्यलाई आजैदेखि व्यवस्थित गर्ने |

| विषयगत तथा क्षेत्रगत रणनीति | कार्यनीति |
|---|---|
| बजार उन्मुख ग्रामीण बस्तीहरूलाई एकिकृत शहरी विकास योजना अनुसार विकसित गर्ने र व्यवस्थित गर्ने | • शहर उन्मुख ग्रामीण वस्ती पहिचान गरी तत्काल आवास तथा शहरी विकास योजना अनुसार पुर्वाधार निर्माण र आवास योजना लागु गर्ने<br>• बजार व्यवस्थापनका लागि खानेपानी, ढल निकास, बाटो तथा पार्किङ्ग सुविधा जस्ता पूर्वाधारहरूको निर्माण गर्ने<br>• नगरक्षेत्रमा रहेका सार्वजानिक, ऐलानी जग्गाको अभिलेख तयार गरी अतिक्रमण हुनबाट बचाउने |
| **विद्युत तथा उर्जा** | |
| नगरका सबै घर तथा सार्वजानिक स्थानहरूमा भरपर्दो विद्युत सेवाको पहुँच पुर्याउने | • भर्खर मात्र राष्ट्रिय विद्युत प्रसारण लाईन पुगेकाले आगामी पाँच वर्षभित्र नगरका सबै वडाहरूमा विद्युत पुर्याउने<br>• राष्ट्रिय प्रसारण लाईन नपुगेका स्थानमा स्थानीय माइक्रो हाइड्रो , सोलार वत्ती जस्ता वैकल्पिक माध्यमबाट विद्युत सुविधा पुर्याउने<br>• नगरपालिकाका मुख्य सहरी सडकमा सडक बत्तीहरूको व्यवस्था गर्ने<br>• दाउराको खपत घटाउँदै सुधारिएको चुलो, गोबर ग्याँस जस्ता वैकल्पिक उर्जाको प्रयोगमा जोड दिने<br>• नगरक्षेत्रभित्र सुविधासम्पन्न र आधुनिक पेट्रोल पम्प स्थापना र सञ्चालनलाई सहजिकरण गर्ने |
| **सूचना तथा सञ्चार** | |
| इन्टरनेट सेवाको पहुँच अभिवृद्धि गर्ने | • वडा कार्यालय र विद्यालमा भरपर्दो इन्टरनेट सेवाका लागि पूर्वाधार विकास गर्ने<br>• सार्वजनिक संस्था तथा सेवा प्रवाह गर्ने सम्पूर्ण कार्यालयमा इन्टरनेटको सहज पहुँच पुर्याउने<br>• मोबाइल फोनको भरपर्दो र गुणस्तरीय पहुँच स्थापना गर्न नेपाल टेलिकम र इनसेल जस्ता कम्पनीलाई टेलिफोन टावर बिस्तारमा सहजिकरण गर्ने<br>• धार्मिक स्थाल र पर्यटकीय स्थलहरूमा निशुल्क इन्टरनेट पहुँच स्थापना गर्ने कार्यक्रम सञ्चालन गर्ने<br>• सार्वजिनक सेवा प्रवाह गर्ने कार्यालयहरूमा सिसी क्यामेरा जडान गर्ने |

| विषयगत तथा क्षेत्रगत रणनीति | कार्यनीति |
|---|---|
| | • विद्यालय शिक्षामा पनि सुचना प्रविधिको माध्ययमबाट सिकाई प्रभावकारी बनाउन पुर्वाधार निर्माण र इन्टरनेट पहुँच बिस्तार गर्ने |
| सूचना तथा सेवा प्रवाहलाई आधुनिक प्रविधिमैत्री बनाउने | • नगरक्षेत्रमा रहेका एफ एम रेडियो तथा अन्य सुचना प्रविधिका माध्ययमबाट सचेतनामूलक सन्देशहरू प्रवाह गर्ने<br>• नगरपालिकाबाट सम्पादित हुने कार्य ,योजना तथा कार्यक्रम वेबसाइटएफएम , रेडियो तथा पत्रपत्रिकाका माध्यमबाट जनस्तरसम्म पुर्याउने<br>• सुचना प्रविधिको माध्यमबाट सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउने<br>• नगरक्षेत्रभित्र सुचना प्रविधिको विकासका लागि सुचना प्रविधि सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्ने |
| **वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन** | |
| वन व्यवस्थापनलाई संरक्षण र आय आर्जनका माध्यमका रुपमा स्थापित गर्ने | • नगरक्षेत्र भित्रका वनको संरक्षण र व्यवस्थापनसँगै वनपैदावारलाई आय आर्जनका रुपमा समेत विकास गर्ने<br>• वन पैदावारको दीगो उपयोग र संरक्षणलाई सन्तुलन कायम गर्दै नगरको आय श्रोतको रूपमा विकास गर्ने<br>• प्राकृतिक वन तथा पार्क स्थलहरूलाई पर्यटन व्यवसायसँग जोड्ने<br>• सामुदायिक वन उपभोक्ता समितिलाई नै वन व्यवस्थापन सम्बन्धमा जिम्मेवार बनाउने र आवश्यक तालिम कार्यक्रम सञ्चालन गर्ने<br>• वन संरक्षण मार्फत नै बाढी पहिरो नियन्त्रण परियोजना सञ्चालन गर्ने<br>• सुकेका र ढलेका काष्ठजन्य उत्पादनको उचित व्यवस्थापन र उपयोग गर्न वन विभागसँग समन्वय गर्ने<br>• जडीबुटी तथा वन्य उत्पादनको क्षमता जडिबुटी ,खेतीको लागि क्षेत्र पहिचान, क्षमता अभिवृद्धि तालिम, संकलन केन्द्र, बजार पहुँच तथा व्यवस्थापन गरी जडीबुटी उत्पादन पकेट क्षेत्रहरू निर्धारण गर्ने<br>• आयुर्वेद स्वास्थ्य कार्यालयसँग समन्वय गरी जडीबुटी खेतीका योजना तर्जुमा गर्ने |

| विषयगत तथा क्षेत्रगत रणनीति | कार्यनीति |
|---|---|
| | • वन वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने<br>• नगरक्षेत्रभित्र वडास्तरीय विपद् व्यवस्थापन समितिहरू गठन गर्नुका साथै वन उपभोक्ता समुहबीच सहकार्य गरी विपद् व्यवस्थापन वन , संरक्षण र सरसफाइका कार्यहरूसञ्चालन गर्ने प्रदुशण नियन्त्रणका लागि अहिलेदेखि नै नगरको मापदण्ड निर्माण गरी कार्यक्रम सञ्चालन गर्ने<br>• बस्ति बढ्दै जाँदा फहोर व्यवस्थापन चुनौतिपूर्ण हुने हुनाले तत्काल कुहिने र नकुहिने फोहरको स्रोतमै वर्गीकरण गर्ने<br>• पुनः प्रयोग हुन सक्ने र कम्पोष्टिङ्ग गर्न सकिने फोहोरलाई छुट्टाछुट्टै व्यवस्थापन गर्ने |
| विपद् जोखिम स्थलको पहिचान गरी स्थानीय समुदाय हरूसँगको साझेदारी र सहकार्यमा विपद् पूर्वतयारी, सचेतना तथा विपद् जोखिम न्यूनीकरण गर्ने क्षमता अभिवृद्धि गर्ने | • नगरका वडा नं ११ का बस्तीहरू बाढी पहिरो र ,१० ,९ ,८ ,७ ,१. भूक्षयबाट बढी जोखिमयुक्त रहेकालेस्थानीय विपद् व्यवस्थापन संयन्त्र निर्माण गरी विपद् व्यवस्थापन क्षमता विकास तालिम सञ्चालन गर्ने<br>• नगरपालिकामा दमकल सेवाको व्यवस्था गर्ने<br>• विपद् व्यवस्थापनका लागि आपतकीन कोष सञ्चालन गर्ने<br>• आवश्यक पूर्वाधारसहितका प्रत्येक वडामा सामुदायिक आश्रय स्थलहरू निर्माण गरी प्राकृतिक विपद्को बेलामा राहत तथा उद्धारका सामग्रीको व्यवस्था गर्ने<br>• स्थानीय स्तरमा नै युवाहरूलाई विपद् जोखिम न्युनिकरणमा परिचालित गर्ने<br>• नदी कटान ,भुक्षय हुने स्थलहरूमा बाँस, निगालो खेती तथा बायोइञ्जिनियरिङ विधि अबलम्बन गरी नदी कटान बाढी पहिरो , न्यूनीकरण गर्ने<br>• विपद् व्यवस्थापनका लागि स्थानीय प्रशासन लगायत सुरक्षा निकायसँग समन्वय गरी स्थानीय युवाहरूलाई उद्धार, खोज, राहतका तालिम सञ्चालन गरी कार्यलाई एकिकृत ढंगले परिचालन गर्ने |

| विषयगत तथा क्षेत्रगत रणनीति | कार्यनीति |
|---|---|
| **संस्थागत विकास र सुशासन** | |
| स्थानीय सेवा प्रवाहलाई सरल, सहज र प्रविधि मैत्री बनाउने | • नगरपालिकाले प्रदान गर्ने सेवा प्रवाहलाई पारदर्शी प्रविधिमैत्री , बनाउँदै बनाउन सुचना प्रविधिको उच्च प्रयोग गर्ने<br>• विकास योजनाहरूलाई दीर्घकालीन प्रभाव पार्ने गरी प्रतिफल दिने क्षेत्रमा केन्द्रित गर्दै जाने<br>• दीगो विकास लक्ष्यलाई नगर योजनामा आन्तरिकिकरण गर्ने<br>• भू उपयोग नक्सा अनुसार विकासका कार्यक्रम र परियोजना लागु गर्ने-<br>• सामाजिक सुरक्षा भत्तालाई। वडाको पायक पर्ने बैंक मार्फत उपलब्ध गराउनेघरसम्म पुर्याउने-सकेसम्म बैंक मार्फत नै घर , व्यवस्था गर्ने<br>• डिजिटल नागरिक वडापत्रको व्यवस्था गर्ने |
| संगठन संरचना अनुसार जनशक्तिको परिचालन र क्षमता अभिवृद्धि गर्ने | • सबै कर्मचारी तथा जनप्रतिनिधिहरूको विषय क्षेत्र अनुसारको प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने<br>• विकास योजना र योजना निर्माणका विविध पक्षहरूका बारेमा अन्तरक्रिया गर्ने<br>• कर्मचारीहरूको क्षमता विकास र सेवा प्रवाहलाई ध्यानमा राखी तालिम कार्यक्रम सञ्चालन गर्ने |
| कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउन नीति निर्माण र स्थानीय कानून निर्माण गर्ने र तिनको कार्यान्वयन गर्ने | • कानून निर्माण तथा वार्षिक योजना निर्माण गर्दा सहभागितामूलक पद्दति आत्मसाथ गर्ने<br>• नगरपालिकामा रहेका सबै समितिहरूलाई कृयाशिल बनाई आवश्यक नीति, नियम, निर्देशिका तथा कानूनहरूको निर्माण गर्ने<br>• सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण जस्ता विधिको प्रयोग गरी नगरपालिकाको नीति निर्माण, निर्णय तथा सेवा प्रवाह प्रक्रियालाफ प्रभावकारिता बनाउने<br>• न्यायिक समितिको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम सञ्चालन गर्ने<br>• योजना कार्यान्वयन तथा सेवा प्रवाहका विषयमा मासिक , अर्धवार्षिक र वार्षिक समीक्षा गर्ने र सुधारका पहलहरू लिने |

| विषयगत तथा क्षेत्रगत रणनीति | कार्यनीति |
| --- | --- |
| | • स्थानीय तहबाट सञ्चालित योजना तथा सेवा प्रवाहको नियमित रुपमा अनुगमन तथा मुल्यांकन गर्ने<br>• विकास निर्माणका कार्यहरूको अमुगमन मुल्याङ्कनलाई प्रभावकारी बनाउने र सम्झौता अनुसार र मापदण्ड बमोजिम कार्य भएको सुनिश्चित गर्ने अनुसार<br>• गुणस्तरीय काम गर्ने निर्माण कम्पनी र कर्मचारीहरूलाई सम्मान गर्ने<br>• प्रथम चौमासिक देखि नै योजना कार्यान्वयन प्रारम्भ गर्ने |
| योजना तर्जुमा र कार्यान्वयनलाई सूचनामा आधारित, सहभागितामूलक तथा नतिजामूलक बनाउने | • प्रथम चौमासिक देखि नै योजना कार्यान्वयन प्रारम्भ गरी विकास निर्माणका कार्यलाई प्रभावकारी बनाउने<br>• योजनाहरूको कार्यानव्यन र भुक्तानी प्रणालीमा अनुशासन कायम गर्ने<br>• समुदाय स्तरदेखि नै र वडा तहमा योजना तर्जुमा गर्दा लक्षित वर्गको सहभागिता सुनिश्चित गर्ने<br>• आयोजना कार्यान्वयनलाई व्यवस्थित, गुणात्मक र परिणाममुखी बनाउन अनुगमन मुल्याङ्कनलाई प्रभावकारी बनाउने |
| **राजश्व संकलन ,श्रोत परिचालन तथा व्यवस्थापन** | |
| श्रोत पहिचान र परिचालन तथा राजस्व संकलन प्रणालीलाई सूचना प्रविधि मार्फत व्यवस्थित गर्ने | • नगरबासी तथा उद्योगी व्यवसायीहरूलाई स्थानिय कर प्रणालीका बारेमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने<br>• कर प्रणालीमा प्रविधिमैत्री बनाउने र वैज्ञानिक कर प्रणाली लागू गर्ने<br>• श्रोत परिचालन र राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत ऐन, नियम र कार्यविधि तयार गरी प्रभावकारीरूपमा कार्यान्वयन गर्ने<br>• राजष्व सम्भाव्यताको अध्ययन गर्ने<br>• आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई प्रभावकारी बनाउने<br>• करको दायरा बढाई आन्तरिक राजस्व वृद्धि गर्ने<br>• राजस्व परामर्श समितिको क्रियाशिल बनाउने<br>• आन्तरिक आय राजस्व संकलनमा वडा कार्यालयलाई परिचालन गर्ने |